जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- २६, २०७८ साल माघ ११ गते मंगलबार (Jan 25, 2022) www.janaakash.com.np मूल्य रु १०।-



**जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित**

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)

मोबाइल: ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# खाली बन्दै गएका गाउँहरूको बिकल्प कस्ले खोज्ला ?

मोहन कार्की ।

नेपाल गाउँ नै गाउँले भरियको देश हो । देशका हरेक कुनामा नेपाली जनताका घर रहेका छन् । नेपालका डाडाकाडाहरु पनि घरहरुले भरिदा सुन्दर देखिएका छन् । यो नेपाल देशको लागि राम्रो हो । यो सस्कारलाई बचाइ राख्न कठिन बन्दै गएको छ ।

जति भुगोलको सुन्दरताले सजाएको छ गाउँहरुलाई तयसैगरी भौगोलिक कठिनाइका कारण नेपालीका दुखः अभाव, पीडाले मानिसरु गाउ छोडी जान थालेपछि गाउँहरु नै रित्ता हुन थालेको छन् । त्यसमा पाहाडी क्षेत्रका र हिमाली क्षेत्रका मानिसहरु रहेका छन् । हिमाली र पाहाडी क्षेत्रमा यातायातको सहजता नहुने भएमा पनि यातायातमा लाग्ने भाडादर महगो हुने किसानहरुले फलाएको उत्पादन बिक्री गर्न त्यसैगरी यातायात खर्चमा नै धेरै खर्चनु पर्ने र उत्पादन गरेका सामग्रीवाट जिवन निर्वाह गर्न कठिन हुने जस्ता समस्याले किसानहरु विकल्प खोज्दै अन्तै गएका हुन् ।



यसरी गाउँघरहरु रित्तै हुदै जानु अलि अलि बाँकी रहेका पनि गाउँमा पहिलादेखि बस्दै आएका जेष्ठ नागरिकहरुले मात्रै गाउँमा दखः गरेको सम्झेर माया मार्न नसकी गाउँ थेगेर राखेका छन् । ति जेष्ठ नागरिकहरुको मात्र बसोबास हुने गाउँहरुमा गाउँ गाउँमा सिंहदरवार भनेर कराउन जान्ने पार्टीहरुले विकासको योजना र सवैलाइ समेट्ने तरिका हालसम्म मिलाउन सकेका छैनन् ।

हुनत भौगोलिक कठिनाईका कारण नेपालका छरिएर रहेका गाउँहरुमा विकास गर्न बजेटको पनि ठुलै अभाव हुन सक्छ । किनकी कुनै घर माथि कुनै तल हुदा विजुली, पानी, स्कुल, कलेज, उधोग, ब्यापार गर्न कठिनाइ नै छ । यस्ता बिशेषता बोकेका गाउँहरुलाई समेट्ने गरी व्यवस्थित वस्तीको अवधारणा अहिलेसम्म कतै बनेको पाइदैन । त्यसको बिकल्पमा पायक पर्ने क्षेत्रहरुलाई

बाँकी ६ पृष्ठमा

# जर्मनीलाई नेपालमा लगानी गर्न चेम्बरको आग्रह

काठमाडौं । नेपाल चेम्बर अफ कमर्सले भौतिक पूर्वाधार र निर्यात प्रर्वद्धन गर्न सकिने खालका उद्योगमा लगानी गर्न जर्मनीसँग आग्रह गरेको छ ।

नेपालका लागि जर्मनीका राजदूत डा. थोमस प्रिन्जसंगको भेटमा अध्यक्ष राजेन्द्र मल्लले जलविद्युत, पर्यटन, निर्यातमुलक उद्योगमा लगानी तथा सहकार्य गर्न आग्रह गरेका हुन् । जलाशाययुक्त जलविद्युत आयोजनामा लगानीको सम्भावना रहेकाले जर्मनीका निजी क्षेत्रलाई अध्ययन भ्रमणका लागि बोलाउन




उनले राजदुत प्रिन्जसँग आग्रह गरे । यस्तै पर्यटन क्षेत्रमा युरोपेली मुलुकलाई आकर्षित गर्न नेपालले विभिन्न अभियान चलाईरहेकाले काठमाडौं फ्र्याङफर्ट सिधा उडान खुलाउनका लागि पहल गर्न पनि उनले आग्रह गरे ।

काठमाडौंबाट फ्र्याङ्फर्टबीचको हवाई उडान जम्मा आठ घण्टा ४५ मिनेट मात्रै छ । जर्मनीले थोरै सहजीकरण गरिदियो भने युरोपबाट धेरै पर्यटक नेपालले भित्र्याउन सक्छ । कोरोना संक्रमणअघि वार्षिक ३६ हजार हाराहारीमा जर्मनीबाट पर्यटक नेपाल आएका छन् सिधा हवाई उडान हुन सक्यो भने युरोपका अन्य देशबाट पनि पर्यटकलाई आर्कषित गर्न सकिन्छ, उनले भने । यूरोपियन यूनियनले नेपाललाई सेफ्टी लिस्टमा राखेको विषयमा अध्यक्ष मल्लले नेपाल नागरिक उययन प्राधिकरणलाई सेवा मुलक र नियमन छुट्टाछुट्टै बनाउने गरी विधेयक अगाडि बढाएको जानकारी गराउँदै नेपाललाई सेफ्टी लिस्टबाट हटाउने विषयमा प्रक्रिया अगाडि

बाँकी ६ पृष्ठमा

# कर्णालीका मुख्यमन्त्री शाहीद्वारा सम्पत्ति सार्वजनिक

सुर्खेत । कर्णाली प्रदेशका मुख्यमन्त्री जीवनबहादुर शाहीले आफनो सम्पत्ति विवरण सार्वजनिक गरेका छन् ।



सार्वजनिक भएको सम्पत्ति विवरण अनुसार मुख्यमन्त्री शाहीले काठमाण्डौमा घरजग्गादेखि झण्डै करोडको कार रहेको उल्लेख गरेका छन् ।

गत कात्तिक १६ गते नियुक्त भएका मुख्यमन्त्री शाहीले सोमबार आफ्नो सम्पत्ति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाएका हुन् ।

मुख्यमन्त्री नियुक्त भएको ६० दिनभित्र पेश गर्नुपर्ने प्रावधान रहे पनि शाहीको सम्पत्ति विवरण ८३ दिनपछि सार्वजनिक भएको हो । मुख्यमन्त्री शाहीले आफनो र श्रीमती बसन्ती कुमारी शाहीको नाममा विभिन्न ठाउँमा घरजग्गा, सुनचाँदी र शेर लागानी रहेको विवरण पेश गरेका छन् । उनले बैंकबाट ऋण लिएको पनि सम्पत्ति विवरणमा उल्लेख गरेका छन् । व्यापार, जागिर र पुर्ख्यौली सम्पत्तिबाट प्राप्त गरी शाहीसँग ५६ तोला सुन, २ किलो चाँदी र तीन लाख बराबरको रप, औठी र नवरत्न सम्पत्ति छ । ९५ लाखको कार पनि रहेको उल्लेख गरेका छन् । व्यवसाय र जागिरबाट कार किनेको उल्लेख गरेका छन् ।

शाहीले पेश गरेको सम्पति विवरण अनुसार आफू र श्रीमतीको नाममा हुम्ला दुई र काठमाण्डौंमा एक गरी तीनवटा घर, हुम्ला, बाँके र काठमाडौंमा गरी पाँच ठाउँमा जग्गा रहेको उल्लेख गरिएको छ ।

हुम्लाको सिमकोट ६ मा ३७३ कित्ता नम्बर र ७२३.७५ क्षेत्रफल वर्ग किलोमिटर, काठमाडौं महानगरपालिका १६ मा १६३ कित्ता नम्बर र ३३०.७५ क्षेत्रफल, श्रीमती वसन्ती शाहीको नाममा हुम्ला जिल्लाको सिमकोट ६ मा १८१ कित्ता नम्बर र ५४८.२५ क्षेत्रफलमा

बाँकी ६ पृष्ठमा

# नेकपा एमाले काठमाण्डौका पदाधिकारीहरुले गरे पदभार ग्रहण


काठमाडौ । नेकपा एमाले अधिवेसनबाट निर्वाचित



काठमाण्डौ जिल्लाको छैटौ पदाधिकारीहरुले पदभार ग्रहण गरेका छन । काठमाण्डौ महानगरपालिका वडा नं ४ मा रहेको जिल्ला कमिटीको कार्यालयमा नवनिर्वाचित अध्यक्ष दीपक निरौला ,उपाध्यक्ष नवराज पराजुली ,सचिव राजेश शाक्य र उपसचिवहरु तेज प्रसाद ढकाल र बिन्दु महर्जनले पद बहाली गरेका हुन ।

नेकपा एमालेका स्थायी कमिटी सदस्य तथा इन्चार्ज कृष्णगोपाल श्रेष्ठ,पोलिटब्युरो सदस्य तथा सहइन्चार्ज कृष्ण राई ,केन्द्रीय सदस्य तथा सहइन्चार्जहरु नारायण सिलवाल, विद्यासुन्दर शाक्य,

बाँकी ६ पृष्ठमा

'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# काम चलाउ सरकारको भरमा देश

नेपालमा संविधानले जुन जुन कुराहरु निर्दिष्ट गरेको भएपनि सत्तामा शक्तिमा रहेका ब्यक्ति पार्टीहरुको स्वार्थमा चल्ने गरेको छ । विगतमा पनि त्यस्तै हुने गरेको थियो । नयाँ बनाएको समाजवाद उन्मुख संविधान जारी गरेर लागु गरेपछि पनि त्यस्तै पुनराबृति देखिदै छ ।

२०७२ सालको नयाँ संविधानले ब्यवस्था गरेको तीन तहको सरकार पहिलो पल्ट लागु भएको थियो र २०७४ मा स्थानीय निर्वाचन त्यसपछि प्रदेश र संघको निर्वाचन एकैपटक भएको थियो । जसमा तीन पटक गरेर निर्वाचन गरिएको स्थानीय निर्वानचन २०७४ को बैशाख ३१ असार १४ र असोज २ गते लाई आधार मानेर निर्वाचन आयोगले स्थानीय निर्वाचन २०८९ जेठ ५ गते गर्ने गरी सरकारसँग सिफारिस गरेको छ ।

तर, यता सरकारमा रहेका दलहरुले भने सदनमा विगतमा प्रधानमन्त्री समेत काम चलाउ गरेर काम गरेको नजिरलाई आधार मान्दै स्थानीय सरकारहरु पनि काम चलाउ हुने ब्यवस्था गर्न संविधान नै परिमार्जन गर्ने संकेत गरेका छन् । यो अत्यन्तै नेपालको लागि चिन्ताको विषय हो ।

संविधानले निदृष्ट गरेका कुराहरुलाई सत्तामा रहेका पार्टी वा ब्यक्ति विशेषको स्वार्थमा परिमार्जन गर्दै लैजाने हो भने संवैधानिक ब्यवस्था किन गर्नुपर्‍यो र सर्वसाधरणलाई मात्र ऐन कानुनले नियन्त्रण गर्ने हो भने सर्वसाधरण त शक्तिमा रहेकाहरुले मौखिक नै निर्देशन दिदा पनि मानिहाल्छन् । कानुनी ब्यवस्था देश र जनताको हितको लागि तोकेको बिषयवस्तुले समाज परिवर्तन गरुण भनेको होइन र ।

त्यसैको बिरुद्धमा गएर स्थानीय निर्वाचन सार्न वा काम चलाउको अवस्थामा लैजान सत्तामा रहेका राजनीतिक पार्टी र सत्ता बाहिर रहेका सत्तासँग साठगाठ गर्ने पार्टीहरु लागिरहेका छन् । त्यसैले २०४७ सालको संविधानलाई विस्थापन गरेको समाजवाद उन्मुख गणतानित्रक संविधान नयाँ बनाएको भएपनि पुरानै तरिका अपनायर काम चलाउ सरकार बनाउने र तीनैले मात्र देश चलाउने परिपाटी हुनु भनेको नेपालले परिवर्तन चाहेको छैन भनेको हो भन्ने बुझ्दा फरक पर्दैन ।

यस्ता गतिविधिहरुवाट नेपालको नेतृत्व कहिल्यै परिवर्तन नगर्ने सोचमा छन् भन्ने बुझिन्छ । फेस अनुहारहरु कहिल्यै आउन नदिने र सबै प्रपञ्च मिलाएर पुरानै अनुहारबाट को - कोलाई कहाँ कहाँ कुन–कुन ठाउँमा जिताउने सुनिश्चित गराउने तयारी पुरा गरेर मात्र निर्वाचन गराउने विगतको पुनःराबृति हुन लागेको देखिन्छ ।

स्थानीय निर्वाचन सारेर प्रदेश, संघको निर्वाचन गराउने संकेत गरिदै छ । यो नेपालको हितमा छैन ।

संविधान बाँझिने नबाँझिने त संविधान बनाउदा नै ख्याल गर्न नसक्नेहरुले किन संविधान बनाउनु कि नेपालका कुनै कुनै बिज्ञहरुले लगाएको आरोप जस्तै अरुनै कसैले डाफ्ट बनाएर दिएको संविधान लागु गरेका हुन् ?

त्यसो नै गरेका रहेछन् भने त झनै निक्कै खतराको बिषय हो । अहिले पनि संविधानको बिषयलाई लिएर विभिन्न खालका टिका–टिप्पणीहरु भइरहेका छन् ।

यहि समयमा स्थानीय निर्वाचन समय अवधिभित्र गराउन नसक्ने हो भने सम्भवत यो ब्यवस्था पनि नयाँ बोतल भित्रको पुरानो रक्सी नै मान्नुपर्छ ।

जहिले काम चलाउ सरकारको भरमा देश चलाउदा देशले सोचेको प्रगति गर्न सक्दैन । त्सैले काम चलाउ सरकार होइन परिपर्वतन गर्न सक्ने देश विकास गर्न सक्ने आँट भएका सक्षम, योग्य, दक्ष नेतृत्व चुन्न जनतालाई सयमा नै वातावरण बनाउनुपर्छ ।

# समय परिवर्तनशील छ, नेपाल किन परिवर्तन भएन ?

मोहन कार्की



समय परिवर्तनशील छ। समय यथास्थितिमा कहिल्यै रहन सक्दैन यो विज्ञानको नियम नै हो। यथास्थितिमा रहने निर्जीव वस्तु मात्र हुन्। त्यो पनि प्रकृतिक परिवर्तनले वेला वेलामा परिवर्तन गराइदिन्छ। चेतनशील प्राणी जन्मेदेखि परिवर्तनशील हुन्छ।

त्यसमाथि आफैले आफैलाई सर्वश्रेष्ठ प्राणी घोषित गरेको मानव जाति झनै परिवर्तनशील नहुने कुरै भएन।

नेपालका मानिसहरुमा पनि परिवर्तन सोच नहुने कुरै भएन। नेपालीहरुले चाहेको परिवर्तन बेला बखत भयको पनि छ। तर त्यो उच्च गुणस्तरको भने हुन सकेको देखिदैन।

त्यो भनेको राजनीतिक परिवर्तन समाज विकासको मेरुदण्डको रुपमा रहने गरेको हुन्छ। राजनीतिक परिवर्तन पछि बनेको नयाँ व्यवस्थाले जस्तो थिति बसाउछ त्यसैमा देश निर्भर हुने गर्छ।

राजनीतिक परिवर्तनले नै व्यवस्था परिवर्तन, परिमार्जन, अर्थात -(चेन्ज) गर्छ। यी सवै देशका संवैधानिक निकायका नियममा आधारित हुन्छन्। त्यो काम ठुला ठुला राजनीतिक परिवर्तनले मात्र गर्ने र्‍गछ।

नेपालको राजनीतिक परिवर्तन थुप्रैपटक भएका छन्। त्यसमा वैधानिक कानुन (२००४, नेपाल अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३, नेपालको संविधान २०७२ यी सवै राजनीतिक परिवर्तनका लागि भएका हुन्।

२००४ सालको संविधान पदम शम्सेरले नेपालमा पहिलो पटक संवैधानिक व्यवस्था गर्न लागेका थिए। त्यतिवेला जनताहरु राणा शासन बिरुद्ध भएको हुनाले संवैधानिक व्यवस्था लागु गर्नले जनताले खोजेको अधिकार प्राप्त हुन्छ भन्ने प्रधानमन्त्री पदम शम्सेरको बुझाई रहेको थियो। उनले घोषणा गरेको संविधानमा पनि अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न हाम्रा जनतालाई पनि प्रतिस्पर्धामा ल्याउनु पर्ने मनासिव भन्ने उल्लेख भएको पाइन्छ। त्यो संविधानलाई उनकै भाइ भारदारहरुले विरोध गरेका कारण कार्यन्वयनमा आउन दियनन् तथापी नेपालको पहिलो संविधान नै पदम शम्सेरले घोषणा गरेको पहिलो मार्गदर्शन संविधान हो।

त्यसपछि २००७ सालमा राणा,राजा र भारतको त्रिपक्षिय वार्तावाट बनेको अन्तरिम शासन संविधान नेपालमा राणा शासनको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्न बनेको थियो। जसलाई भारतको कुनियोजित विधानसभा समेत भनेर नेपालमा अथ्याउने गरियको छ। त्यसैको परिणाम स्वरुप राजा महेन्द्रले विधानसभा भारतको कुनियोजित षऱ्यन्त्र थाहा पाएका र संवैधानिक व्यवस्थाहरु नेपालकै पक्षमा ठिक ढंङगवाट बनाउदै लैजाने नीतिको रुपमा २०१५ को परिवर्तनलाई मान्न सकिन्छ उक्त व्यस्थामा नेपालको पक्षमा काम गर्नेगरी बनाएको भएपनि झनै धेरै भारतमुखी नेताहरुको बर्चश्व वढ्न गएको हुनाले २०१७ सालमा श्री ५ महेन्द्र बीर बिक्रम शाहले संवैधानिक कु गरेर एकतन्त्रीय शासन व्यवस्था लागु गरेपछि २०१९ सालमा बनाइएको संविधानले केन्द्रीकृत राज्य प्रणालीलाई बिकेन्द्रीकृत गरेर लैजान बनाइएको प्रजातान्त्रिक राष्ट्रिय पञ्चायतमा आधारित संविधान नै लामो समयसम्म व्यवस्थाले शासन गरेको देखिन्छ।

उक्त २००७ सालमा कु नियोजित

नेपालका मानिसहरुमा पनि परिवर्तन सोच नहुने कुरै भएन । नेपालीहरुले चाहेको परिवर्तन बेला बखत भयको पनि छ । तर त्यो उच्च गुणस्तरको भने हुन सकेको देखिदैन । त्यो भनेको राजनीतिक परिवर्तन समाज विकासको मेरुदण्डको रुपमा रहने गरेको हुन्छ । राजनीतिक परिवर्तन पछि बनेको नयाँ ब्यवस्थाले जस्तो थिति बसाउछ त्यसैमा देश निर्भर हुने गर्छ ।

राजनीतिक परिवर्तनले नै ब्यवस्था परिवर्तन, परिमार्जन, अर्थात -(चेन्ज) गर्छ । यी सवै देशका संवैधानिक निकायका नियममा आधारित हुन्छन् । त्यो काम ठुला ठुला राजनीतिक परिवर्तनले मात्र गर्ने र्‍गछ । नेपालको राजनीतिक परिवर्तन थुप्रैपटक भएका छन् । त्यसमा वैधानिक कानुन (२००४, नेपाल अन्तरिम शासन विधान २००७, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३, नेपालको संविधान २०७२ यी सवै राजनीतिक परिवर्तनका लागि भएका हुन् । २००४ सालको संविधान पदम शम्सेरले नेपालमा पहिलो पटक संवैधानिक ब्यवस्था गर्न लागेका थिए । त्यतिवेला जनताहरु राणा शासन बिरुद्ध भएको हुनाले संवैधानिक ब्यवस्था लागु गर्नले जनताले खोजेको अधिकार प्राप्त हुन्छ भन्ने प्रधानमन्त्री पदम शम्सेरको बुझाई रहेको थियो । उनले घोषणा गरेको संविधानमा पनि अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न हाम्रा जनतालाई पनि प्रतिस्पर्धामा ल्याउनु पर्ने मनासिव भन्ने उल्लेख भएको पाइन्छ । त्यो संविधानलाई उनकै भाइ भारदारहरुले विरोध गरेका कारण कार्यन्वयनमा आउन दियनन् तथापी नेपालको पहिलो संविधान नै पदम शम्सेरले घोषणा गरेको पहिलो मार्गदर्शन संविधान हो ।

बिधानसभा लागु गर्न नपाएको झोकमा भारतको सहयोगमा नेपालमा बहुदलीय व्यवस्थाको लागि भनेर परिवर्तन स्वरुप २०४६ सालको जन आन्दोलन र त्यसपछि बनायको २०४७ सालको संविधान बनाउन गरिएको परिवर्तनलाई पहिलो जन आन्दोलन भन्ने गरिएको छ।

त्यो २०४७ सालको संविधानले जनतालाई अधिकार सम्पन्न बनाउनुको सट्टा उल्टो नेता, पार्टी, वा बिदेशी शक्तिलाई चाहिने संविधान जस्तो परिवर्तनले देखाउदै लगेको थियो त्यसवाट रुष्ट बनिरहेका जनताले अर्को वास्तविक परिवर्तन खोजिरहेका थिए। त्यही समयमा नेकपा (माओवादी) नामको पार्टीले जनयुद्ध सञ्चालन गरेको थियो।

त्यो जनताले गरेको आन्दोलन माओवादी पार्टीमा मिसिन पुग्यो। तर देशको हितमा हुनुपर्ने आन्दोलन भारतको २००७ सालको विधानसभाले गर्न खोजेको तर भारतको कुनियोजित षऱ्यन्त्र पुरा नभएको हुनाले नेपालमा रोपियको द्वान्द्ध भारतले दाउ मार्ने रणनीति बुनेको थियो।

त्यसै कारण पनि नेपाली नागरिकले गरेको आन्दोलन माओवादीले नेतृत्व गरेर तालासाचो भारतमा बुझाएर २०६२ साल मंसिर २ गते त्रिपक्षीय वार्ता गरायो भारत, सातदल, माओवादी र २०६३ अन्तरिम संविधान निर्माण गरेर काम चलाउ संविधान बनाए त्यो संवैधानिक समस्या उत्पन्न गराएर नेपालको अस्तित्वमा धावा बोल्ने तयारी भारतको भएको जस्तो भान हुने गरेको थियो। जसमा नौ बर्षसम्म संवैधानिक संकट उत्पन्न भएर दुईपटक संविधान निर्माणको लागि निर्वाचन गर्नुपरेको थियो।

त्यसपछि पनि महाभुकम्पले देशलाई मानवीय र भौतिक, आर्थिक सवै क्षेत्रमा असर पुऱ्याएपछि जनताले सवै राजनीतिक पार्टीहरुलाई मिलेर यो संवैधानिक संकट पार गर्न दवाव दिएपछि मात्र नेपालले २०७२ सालमा नयाँ संविधान जारी गर्न सफल भएको थियो। यो चौहत्तर बर्षमा नेपाली जनताले थुप्रै खालमा परिवर्तन पाएका छन्। त्यो परिस्थिति जन्य तरिकाले जनताले चाहेको तर पार्टी बिशेषलाई अन्तै कतैवाट परिचालन गर्दा देश र जनताको पक्षमा नभएको दृष्टान्त पाइन्छ।

२००७ सालपछि नै कोशी , गण्डक, माहाकाली , टनकपुर सम्झौता जस्ता असमान सन्धि सम्झौताले नेपाल र नेपलीको हितमा त्यो परिवर्तन होइन रहेछ भन्ने प्रमाणित गराएको छ।

नेपाली जनताले चाहेको यस्तै धात होला भनेर सोचेका थिएनन्। नेपाली जनताले चाहेको परिवर्तन त स्वतन्त्र आत्मनिर्भर आधुनिक विकास सहितको परिवर्तन थियो। तर यो ७२ बर्षमा नेपालका उधोग, कलकारखाना, व्यापारले धेर थोर नेपाललाई भर थेग गरिरहेका उधोग कलकारखाना व्यवस्था परिवर्तन गर्ने नाममा बन्द गरायर विदेशी सामान आयात गरी परिवर्तनको नाम दिने राजनीतिक पार्टीहरुको विदेश देखि नेपाल सम्म राजनीतिक पार्टीको नाममा फैलायको सञ्जाल नेपाल र नेपाली जनताको परिवर्तनको वाधकको रुपमा स्थापित छ।

कानुनी व्यवस्थामा जे जे लेखिएको भएपनि राजनीतिक पार्टीहरुले ति व्यवस्थाहरु मानेको अवस्था छैन। संवैधानिक निकायमा तिनै राजनीतिक पार्टीका व्यात्तिहरु रहने व्यवस्था र उच्च अदालत देखि सर्वोच्च अदालत सम्म संवैधानिक न्यायधिसको नियुक्ति भनिएको भएपनि राजनीतिक पार्टीको भागबण्डामा नियुत्त हुने न्याधिसहरुले गर्ने निर्णय निष्पक्ष हुदैनन्। त्यो भन्ने आधार, जसले नियुत्त गरेको हो उसको बिरुद्ध कोही जान सक्दैनन्। यस्तो चलन हुनजेल नेपालमा परिवर्तन हुदैन। व्यवस्था फेरेर मात्र देशका जनताको अवस्था फेरिदो रहेनछ। नियत फेरिनुपर्ने रहेछ।

त्यसकारण देशमा विदेशी निर्देशनमा चल्ने राजनीतिक पार्टीहरुका नममा रहेका संघ/संगठनको जालो भत्काउन सक्ने नीति आवश्यक भएको छ।

त्यस्ता जालो भत्कायर नेपालमुखी नीति लागु गरेर स्वाभिमानका साथ स्वतन्त्र ढंङगवाट नेपाललाई प्रचुर विकास गर्ने आधारहरु तयार हुनेछन्। नेपालमा सम्भावना भएका स्रोत साधन परिचालनको ढोका खोलेर काम गर्नुपर्ने आजको आवश्यकता छ।

समय परिवर्तनशील भएपनि नेपाल परिवर्तन हुन माथि उल्लेखित कारणहरुलाई पन्सायर दिगो विकासमा अघि बढ्न सक्नुपर्छ। तव मात्र नेपालको विकास सम्भव छ।

# शहीद सप्ताह शुरू : पहिलो दिन शुक्रराज शास्त्रीको सम्झना

काठमाडौं। पारिवारिक रुपमा प्रयोग हुँदै आएको शासकीय शक्ति जनताका हातमा पुऱ्याउने चार शहीदको सम्झनामा सोमबारदेखि शहीद सप्ताह शुरू भएको छ। सप्ताहको पहिलो दिन शुक्रराज शास्त्रीको शालिकमा पुष्पगुच्छा अर्पण गरिएको छ।

काठमाडौँको टेकु पचलीस्थित शहीद शास्त्रीलाई प्राणदण्ड दिइएको स्थानमा पुगेर कामपाका प्रमुख विद्यासुन्दर शाक्य, उपमेयर हरिप्रभा खड्गी श्रेष्ठसहित पदाधिकारीले पुष्पगुच्छा अर्पण गरेका थिए।

शुक्रराजको जन्म विसं १९५० मा बनारसमा भएको हो। भारतकै देहरादुनस्थित अच्युतानन्दको गुरुकुलबाट प्रारम्भिक शिक्षा शुरू गरेका शास्त्रीले इलाहवादकै आर्य समाज विद्यालयमा केही समय प्रधानाध्यापकका रुपमा काम गरेको थियो। त्यस क्रममा उनले पटना, दार्जिलिङ, कलकत्तालगायत स्थानमा भएका नेपाली भाषीबीच नागरिक अधिकारका विषयमा सङ्गठन गर्न थालिसकेको छ।

त्यसपछि नेपाल फर्किएका शास्त्रीलाई उपत्यकामा नजरबन्दमा राखिएको थियो। यति हुँदाहुँदै पनि शास्त्रीले विसं १९९४ मा असनमा आफ्नै अध्यक्षतामा नागरिक अधिकार समिति गठन गरेको थियो।

धार्मिक गतिविधिबाट जहानियाँ शासन विरुद्ध जागरण अभियान सञ्चालन गर्ने क्रममा विसं १९९४ मङ्सिर १३ गते इन्द्रचोकमा मानिसलाई भेला गराएर गीताका श्लोकमार्फत जहानियाँ शासनको आलोचना गरेको थियो।

राणाको विरोध गरेको यही आरोप लगाएर उनलाई पक्राउ गरिएको थियो। विसं १९९७ माघ ७ गते सिंहदरबारमा राजा त्रिभुवन र प्रधानमन्त्री जुद्धशमशेर सहितको इजलासले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, गङ्गालाल श्रेष्ठ, दशरथ चन्द र पूर्णनारायण प्रधान गरी पाँच जनालाई सर्वस्वसहित ज्यान सजायको फैसला सुनाइएको थियो।

यसरी जेल सजाय भोगिरहेकै बेला राणा शासनविरुद्ध देशविदेशमा भएका भूमिकामा नाइके भएको आरोप लगाएर शास्त्रीलाई विसं १९९७ माघ १० गते टेकु पचलीस्थित खरिबोटमा झुण्ड्याएर प्राणदण्ड दिइएको थियो।

महानगरले प्रजातन्त्र प्राप्तिका लागि ज्यानदण्ड पाएका चार शहीदको पूर्ण कदको शालिक उनीहरुले सहादत प्राप्त गरेकै स्थानमा स्थापना गरिसकेको छ।

यसवर्ष शहीद सप्ताहका अन्य कार्यक्रम माघ १३ गते सिफलमा शहीद धर्मभक्त माथेमाको शालिकमा र १५ गते शोभा भगवतीमा गङ्गालाल श्रेष्ठ र दशरथ चन्दको शालिकमा पुष्पगुच्छा अर्पण गरी मनाइने कार्यक्रम रहेको छ। कोरोना महामारीकाकारण यसपटक मन्तव्य कार्यक्रम भने राखिएन। सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड अपनाउँदै सीमित पदाधिकारी उपस्थित भएर शास्त्रीको शालिकमा पुष्पगुच्छा अर्पण गरिएको हो।

# शिक्षामा स्थानीय तह, सधैं उपेक्षित !

नगेन्द्रराज पौडेल

संविधानतः माध्यमिक तह सम्मको शिक्षा स्थानीय तहअन्तर्गत राखिए पनि व्यवहारमा यो तहलाई संघीय सरकारले कहिल्यै पत्याएन । निर्माण गर्ने काम जिम्मा दिए पनि नीति निर्देशन तथा प्रशासनिक व्यवस्थापनमा सधैं संघ वा संघ मातहत निकायमा शैक्षिक अधिकार राखेर संघीयताको खिल्ली उडाउने काम बितेको पाँच वर्षयता देखियो । बिग्रे, भत्केको कामका लागि स्थानीय सरकार छ नि, उसले हेर्नुपर्‍यो भन्ने संघीय सरकाले एउटा प्राथमिक तहको शिक्षकको निवृत्तिभरण सिफारिस गर्नेसम्मका अधिकार यो तहलाई दिएन । यतिसम्म की सहसचिव भन्दा माथिल्लो पोर्टफोलियो मा रहेको मेयर र १०औं तहको उपसचिव प्रमुख हुने नगर शिक्षा शाखालाई तह किटान नगरिएको अधिकृत कर्मचारीले अवज्ञा गर्न सक्नेगरी अधिकारको निक्षेपण गरियो । संघीयतामा गाउँगाउँमा सिंहदरबारको मर्मलाई लत्याउँदै शैक्षिक अभिलेख जिल्लास्थित समन्वय इकाइमा थिग्र्याउने काम भयो । एसईई मात्र होइन ११ र १२ कक्षाका परीक्षा कहिले र कसरी सञ्चालन हुन्छन् ? स्थानीय तहले थाहै नपाउने व्यवस्था गरियो । एउटा शौचालय माग्न प्रदेश मन्त्रालयमा जानुपर्ने बनाइयो । कतिपय योजनाका लागि प्रदेश शिक्षा निर्देशनालयमा धाउनुपर्ने बाध्यकारी व्यवस्था गरियो । भौतिक पुननिर्माणतर्फ जिल्लामा रहेको कार्यालयसँग पालिकाले कार्यक्रमका लागि अनुनय विनय गर्नुपर्ने अवस्था सिर्जना गराइयो । राष्ट्रपति शैक्षिक सुधारको कार्यक्रम माग्न सिंहदरबार जानुपर्ने गरियो । स्थानीय पालिकाहरू माथिबाट आएको तलब निकासा गर्ने संघीय सरकारका खेतालाका रूपमा सीमित भए । एक किसिमले भन्ने हो भने स्थानीय तहको पहिलो कार्यकाल शिक्षाका लागि खासै सुखद रहेन । संघ मातहतको एउटा अयाका रूपमा साँघुरियो ।

यतिबेला कोरोनाको तेस्रो लहरमा देखापरेको ओमिक्रोन नामक नयाँ भेरियन्टले बालबालिकामा पनि संक्रमण बढाएको छ । खोपको दायराभन्दा बाहिर रहेका १२ वर्षमुनिका बालबालिकामा संक्रमणको जोखिम बढी देखिएको कुरा स्वास्थ्य मन्त्रालयले जनाएको छरु। परिवारमा आफ्ना अभिभावक संक्रमित भएको अवस्थामा बालबालिकालाई बेग्लै राख्न सम्भव नहुने हुँदा पनि यो समूहका बालबालिकामा संक्रमण बढेको हो । यहीँ कारण गत पुसको अन्तिम सातादेखि संघीय सरकारले विद्यालय बन्द गरेको छ । महामारीको जाखिम आँकलनका आधारमा विद्यालय बन्द गर्नु आफैंमा नराम्रो होइन तर कम्तीमा पनि स्थानीय प्रकोपको मात्राका आधारमा विद्यालय खोल्न वा बन्द गर्न स्थानीय तह सक्षम थिए । स्थानीय आवश्यकताअनुसार निर्णय गर्ने हैसियत यी तहसँग थियो । यो अधिकार यिनै तहलाई दिँदा हुन्थ्यो । तर, संघीय सरकारले विश्वास गरेन । उसले ७ सय ५३ वटै तहका लागि एउटै निर्णय गरिदियो । स्थानीय तहको शैक्षिक अधिकार संकुचनका लागि योभन्दा अर्को उदाहरण के दिनुपर्ला ?

संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहका लागि २२ वटा एकल अधिकार दिएको छ । संविधानको सो व्यवस्थाअनुसार माध्यमिक तह (बालकक्षादेखि कक्षा १२ सम्म) को शैक्षिक व्यवस्थापनको सम्पूर्ण जिम्मा स्थानीय सरकार मातहत गएको छ । शिक्षालगायत अन्य विषयगत क्षेत्रका एकल तथा साझा अधिकार कार्यान्वयनका लागि छाता ऐनका रूपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ आएको छ । नेपालको संविधान र उल्लिखित ऐनका आधारमा ७ सय ५३ वटै स्थानीय सरकारले काम गर्नुपर्ने हो ।

विगतमा स्थानीय तहले शिक्षा क्षेत्रमा संविधानको सो व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) तथा ११ (ज) अनुसार शिक्षा क्षेत्रमा संघले गर्न नसकेका केही उल्लेख्य सुधारका काम गरेको पाइएको छ । लामो समयसम्म संघीय सरकारले गर्न नसकेको विद्यालय समायोजन ( मर्ज) स्थानीय सरकार आएपछि भएको छ । पाल्पालगायतका जिल्लामा त संस्थागत विद्यालयसमेत मर्ज भएका छन् । न्यूनतम रूपमा विद्यार्थी संख्या नपुगेका थुप्रै विद्यालय स्थानीय सरकार आएपछि गाभिएका छन् । कतिपय विद्यालयले अब विद्यालय गाभिने भयो भनी विद्यार्थी संख्या वृद्धि गर्न थालेका छन् । तनहुँस्थित भिमादको वडा नम्बर ९ मा रहेको हिमालय प्रावि भिमाद नगरपालिकाले हिमालय माविमा मर्ज गर्‍यो । स्थानीयवासीमा विद्यालय खारेज भएको हल्ला गयो । अनि सबै मिलेर गाउँ डुले । विद्यार्थीहरू खोजे । अहिले विद्यालय पुनः सञ्चालनमा आएको छ । संघीय सरकारले गर्न नसकेको स्थानीय तहले गरेको यो एउटा दृष्टान्त मात्र हो । यस्ता थुप्रै काम भएका छन् ।

त्रसित किन ?

संघीय गणतान्त्रिक नेपालको संविधान, २०७२ कार्यान्वयनमा जाँदै गर्दा खासगरी विद्यालय शिक्षाको क्षेत्रमा ठूलै हलचल मच्चिएको छ । हिजोसम्म केन्द्र सरकारको मातहत रही आएको विद्यालय शिक्षाको सञ्चालन प्रक्रिया नयाँ संविधानमा स्थानीय सरकारको क्षेत्राधिकारभित्र आउँदा कतिपय कुरामा विरोधाभाष पनि आएको छ । एकल अधिकारलाई पनि साझा अधिकारको कोटीमा राखेर हेर्ने पनि गरिएको छ । यसले गर्दा स्थानीय सरकारले मन फुकाएर काम गर्न पाएका छैनन् । शिक्षकहरूका संघसंगठनसमेत शिक्षा प्रदेश तथा स्थानीय तह मातहतभन्दा संघ मातहत रहनुपर्ने भनी लबिङ गरेका छन् । स्थानीय सरकारदेखि किन संघसंगठन त्रसित हुन पुगे जान्न सकिएको छैन ।

संवैधानिक व्यवस्थाको विकल्प नखोजौं

संविधानको अनुसूची ८ मा प्रस्ट रूपमा विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको क्षेत्राधिकारभित्र राखिएको छ । संविधानले प्रत्याभूत गरेको सो अधिकारको बाँडफाँटलाई व्यवस्थित गर्न संघीय सरकारले 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' कार्यान्वयनमा आएको छ । यो ऐनसमेतका आधारमा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन र व्यवस्थापन स्थानीय सरकार मातहत आइसकेकाले अब किचलो गर्नु उपयुक्त हुँदैन । स्थानीय तहमा शिक्षा नीति, ऐन नियम बनाउनेदेखि लिएर विद्यालय सञ्चालन, नियमन, अनुगमन र शिक्षक र कर्मचारीको दरबन्दी मिलानजस्ता स्थानीय तहका अधिकार संवैधानिक अधिकार हुन् । यिनको विकल्प खोज्नु सर्वथा न्यायोचित हुँदैन । या त संघीयता मान्दैनौं भन्नुपर्‍यो या त स्थानीय सरकारको सर्वोच्चतालाई स्वीकार्नु पर्‍यो । दुवै कुरा नमान्न पाइँदैन । संघीय सरकारले यसबीचमा संघीय शिक्षा ऐन बनाउनुपर्ने थियो, बनाएन । यसैका आधारमा स्थानीय पालिकाले आफ्आफ्नो अनुकूलतामा स्थानीय ऐन तथा नियमावली बनाएर शिक्षालाई थप व्यवस्थित गर्न सक्थे । यो अवसरबाट संघीय सरकारले स्थानीय पालिकालाई वञ्चित नै गरायो । तैपनि संविधान र खासगरी स्थानीय सरकार सञ्चालन ऐनले तोकेबमोजिम पछिल्लो समय विभिन्न पालिकाले विद्यालय शिक्षासम्बन्धी स्थानीय ऐन, नियम र निर्देशिका बनाउने कार्यलाई अगाडि बढाएका छन । कतिपय पालिकाले ऐन नबनाए पनि नियमावली बनाएको देखिन्छ । नियमभन्दा पहिला ऐन र ऐनभन्दा पहिला शैक्षिक नीति बनाउनुपर्छ भन्ने कुरामा कतिपय पालिका चुकेका छन् । कतिपय पालिकाले ऐनबिना नियमावली बनाएर हावामा महल सिर्जना गरेका छन् । जगबिना महल बन्दैन । शिक्षा नियमावलीको जग शिक्षा ऐन हो र ऐनको जग नीति हो । कैयौं पालिकाले यसलाई मिचेका छन् । स्थानीय पालिकाको यो अतिरञ्जित काममा भने ब्रेक लगाउनैपर्ने हुन्छ ।

शिक्षा मन्त्रालयले जिल्लास्थित 'शिक्षा विकास तथा समन्वय इकाइ' (साबिक जिल्ला शिक्षा कार्यालय)लाई सक्रिय पार्दै शिक्षक नियुक्ति तथा व्यवस्थापनका लागि थप उत्तरदायी बनाउन खोजेको छ । यतिसम्म कि शिक्षकको वैयक्तिक विवरण प्रमाणित गर्ने अधिकारसम्म पालिकाको १०औं तहको शिक्षा शाखा प्रमुखलाई नदिएर तह किटान नगरिएको समन्वय इकाइको अधिकृत जिम्मा दिएको छ । संघीयताको मर्म यो होइन । संघीयतामा संघको हावी उपयुक्त मानिँदैन तर, त्यस्तै हुन थालेको छ । तल्ला निकाय कामयावी भए मात्र जनताले स्थानीय सरकारको अनुभूति गर्न पाउँछन् । तर, हामीकहाँ यसको विपरीतको अवस्था देखियो ।

सुरुवात नै गलत

संघीयतामा जिल्लास्थित कार्यालय कति आवश्यक कति अनावश्यक भन्ने बहस चलेकैबेला विगत २०७४ को वैशाख २७ गते मन्त्रिपरिषद्ले साबिकको जिल्ला शिक्षा कार्यालयलाई 'शिक्षा विकास तथा समन्वय इकाइ'मा रूपान्तरण गरेर गृह मन्त्रालयअन्तर्गत राखी जिल्लामा जिल्ला प्रशासन कार्यालय मातहत राख्ने निर्णय गर्‍यो । संघीयतामा ७ सय ५३ स्थानीय तहमार्फत शिक्षाको काम हुने भएपछि जिल्लास्थित अर्को समानान्तर निकाय किन राखियो भनी शिक्षाविद्हरूले प्रश्न गरिरहेको अवस्थामा पुनः २०७५ साल पुस ९ को मन्त्रिपरिषद् बैठकले सो इकाइलाई शिक्षा मन्त्रालयअन्तर्गत रहेको 'शिक्षा तथा मानव स्रोत विकास केन्द्र' मातहत राख्ने निर्णय गर्‍यो ।

साबिकको जिल्ला शिक्षा कार्यालयको जति जनशक्ति र क्षेत्राधिकार नभए पनि स्थानीय पालिकाको शिक्षा शाखाले गर्ने काममा संकुचन ल्याउने मनसायले यो कार्यालय स्थापित गरी संघीयतामा शैक्षिक प्रशासन केन्द्रमुखी बनाउन खोजियो । बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## न्यायिक सम्पादनमा हामीले जिल्लामै उत्कृष्ट काम गरेका छौं : उपप्रमुख खड्का

रामेछाप नगरपालिकाका उपप्रमुख सृजना खड्काले रामेछाप जिल्लामै रामेछाप नगरपालिकाले न्यायिक समिती मार्फत राम्रो काम गरेको बताउनुभयो । न्यायिक समितीका संयोजक समेत रहनुभएका उपप्रमुख खड्काले अरु पालिकाको तुलनामा रामेछाप नगरपालिकाले सहज रुपमा धेरै विवादहरुको निरुपण गरेको बताउनुभयो । आफु कानुनको विद्यार्थी भएका कारणले पनि




विवाद निरुपणमा धेरै सहजता मिलेको उहाँले बताउनुभयो । आफुहरुले प्राप्त गरेको अधिकार अनुसार नै न्यायिक समितीमा आएका धेरै विवादहरु समाधन गरेको उपप्रमुख खड्काले बताउनुभयो ।

जिल्ला न्यायधिस बद्रि प्रसाद ओलिको प्रमुख आतिथ्यतामा र रामेछाप नगरपालिकाका उपप्रमुख सृजना खड्काको अध्यक्षतामा भएको न्यायधिससँग अन्तरपालिका न्यायिक समिती समन्वय कार्यक्रममा रामेछापका विभिन्न स्थानिय तहका उपाध्यक्षहरुले न्यायिक काम गर्दाका अनुभव,समस्या र भोगाईरु प्रस्तुत गरेका थिए ।

खाँडादेवी गाउँपालिकका उपाध्यक्ष मखमली श्रेष्ठ, लिखु तामाकोशी गाउँपालिकाका उपाध्यक्ष दिपशिखा दाहाल,दोरम्बा शैलुङ गाउँपालिकाका उपाध्यक्ष कृशला घिसिङलगायत न्यायिक समितीका सदस्य तथा कानुनी सजकर्ताको कार्यक्रममा उपस्थित रहेको थियो । उक्त कार्यक्रममा जिल्ला न्यायधिबक्ता यदुनाथ शर्मा,जिल्ला अदालतका श्रेस्तेदार रामप्रसाद पौडेल लगायतले न्यायिक समितीका संयोजकहरुलाई कानुनी कुराहरु र विवाद समाधान गर्दा ख्याल गर्नुपर्ने विभिन्न कुराहरुको बारेमा जानकारी गराएका थिए ।

## चोरी मुद्दामा फरार रामेछापका थापामगर १७ बर्षपछि पक्राउ

रामेछाप । चोरी मुद्दामा अदालतबाट जेल सजाय सुनाइएपछि फरार रहेका रामेछापका एक व्यक्तिलाई प्रहरीले १७ बर्षपछि पक्राउ गरेको छ । जिल्ला अदालत काठमाडौंबाट ०६१ साल जेठ ११ गते चोरी मुद्दामा दोषी ठहर गर्दै जरिवाना र जेल सजाइ सुनाइएका दोरम्बा शैलुङ्ग गाउँपालिका-४ गौश्वाराका ४५ बर्षिय श्याम बहादुर थापामगरलाई जिल्ला प्रहरी कार्यालय रामेछापले पक्राउ गरेको हो । फरार रहेका थापामगरलाई गौश्वराको पासिवनबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रहरी निरीक्षक सन्तोष श्रेष्ठले जानकारी दिए । उनका अनुसार दोषी थापामगरलाई जिल्ला अदालत रामेछाप रामेछापको आदेश बमोजिम जिल्ला कारागार रामेछापमा पठइएको छ ।

ललितपुरमा शृङ्खलाबद्ध रुपमा मुर्ति चोरेको आरोपमा प्रहरीले दुईजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा रामेछापको दोरम्बा शैलुङ गाउँपालिका-२ दोरम्बा घर भएका २३ वर्षिय नेशनल योञ्जन र ललितपुर महानगरपालिका-२० नःटोल घर भएका ४५ बर्षिय सानुलाल महर्जनलाई प्रहरीले पक्राउ गरेको हो । २०७८ मंसिर यता ५ ठाउँबाट मूर्ति चोरेर बेचेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको महानगरीय प्रहरी परिसर ललितपुरका एसएसपी यज्ञविनोद पोखरेलले बताए ।

## वैशाखमै स्थानीय तहको निर्वाचन हुनुपर्छः अध्यक्ष तामाङ

रामेछाप । खाँडादेवी गाउँपालिकाका अध्यक्ष प्रेम बहादुर तामाङले संवैधानिक व्यवस्था अनुसार आगामी वैशाखमै स्थानीय तहको निर्वाचन हुनुपर्ने बताएका छन् । उनले संविधानमा स्थानीय तहमा जनप्रतिनिधि विहीन हुने कल्पना नगरिएको बताउदे तोकिएकै समयमा निर्वाचन हुनुपर्ने बताएका छन् । उनले संविधान र कानुनमा स्पष्ट रुपमा उल्लेख गरिएको विषयलाई तोडमोड गरेर अपव्याख्या गर्न नहुने बताउदै बहानाबाजीमा निर्वाचनको मिति धकेल्न खोज्नु दुर्भाग्य हुने बताए । हरेक पाँच बर्षमा स्थानीय तहको निर्वाचन मार्फत नागरिकले आफ्नो जनप्रतिनिधि छान्न पाउने अधिकारबाट बञ्चित गर्न नहुने अध्यक्ष तामाङले बताए । अहिले स्थानीय तहको निर्वाचनको सार्नु जनतामाथि धोका हुने बताए ।

## निसासिएर रामेछापका तीन महिने शिशुको मृत्यु

भक्तपुरको सूर्यविनायक नगरपालिका वडा नम्बर ४ दधिकोट गाम्चामा निसासिएर रामेछापका तीन महिनेका शिशुको ज्यान गएको छ । गाम्चामा भावना थापाको जस्ता पाताले छाएको घरमा डेरा गरी बस्ने रामेछाप मन्थलीका ३० वर्षका अभिषेक रम्तेल र पसुना तामाङका तीन महिनाका छोराको उपचारका क्रममा ज्यान गएको हो । भक्तपुरको सूर्यविनायक नगरपालिका-४ दधिकोट गाम्चामा निसासिएर तीन महिनाका शिशुको ज्यान गएको छ । गाम्चामा भावना थापाको जस्ता पाताले छाएको घरमा डेरा गरी बस्ने रामेछाप मन्थलीका ३० वर्षका अभिषेक रम्तेल र पसुना तामाङका तीन महिनाका छोराको उपचारका क्रममा आज बिहान ज्यान गएको हो । शिशुका बुबाआमाको बेहोस अवस्थामा उपचार भइरहेको महानगरीय प्रहरी प्रभाग भक्तपुरले जनाएको छ । गएराति आगो तापेर सुतेका उनीहरु बिहान अबेरसम्म नउठेपछि प्रहरीले बिहान झ्याल फोडेर हेर्दा सबै बेहोस अवस्थामा थिए । बेहोस भएका तीन जनामध्ये शिशुको ज्यान गएको र दुई जनाको मध्यपुर अस्पतालमा उपचार भइरहेको प्रहरीले बताएको छ ।

# एनआईसी एशिया त्रयमासिक वित्तीय नतिजा प्रकाशित

काठमाडौं । एन आई सी एशिया बैंक लिमिटेडले चालू आ.व. २०७८/७९ को दोस्रो त्रयमासिकको अपरिष्कृत वित्तीय विवरण प्रकाशित गरेको छ । बैंकले आ.व. २०७८/७९ को दोस्रो त्रयमाससम्ममा कर्जा व्यवसाय तर्फ वार्षिक विन्दुगत आधारमा १७ प्रतिशत (रू. ४० अर्ब) ले वृद्धि गरी कुल कर्जा रकम रू. २७३.४६ अर्ब पुर्‍याउन सफल भएको उल्लेख गरेको छ ।

साथै, निक्षेपतर्फ वार्षिक विन्दुगत आधारमा ८ प्रतिशत (रू. २२.०४ अर्ब) ले वृद्धि गरी कुल निक्षेप संकलन रू. २९९.३४ अर्ब पुर्‍याउन बैंक सफल भएको, बैंकले यस त्रयमासमा खुद मुनाफातर्फ रू. २.४० अर्ब आर्जन गर्न सफल भएको, वार्षिक विन्दुगत आधारमा १६.५७ प्रतिशतको वृद्धि गरेको,




यसैगरी बैंकको स्वपुँजीमा प्रतिफल २१.७७ प्रतिशत रहेको, २७ वटै बाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी रहेको अनुमान बैंकले गरेको छ । बैंकले वार्षिक प्रति शेयर आम्दानी रू. ४१.४३ आर्जन गर्न बैंक सफल भएको निजी क्षेत्रका अन्य वाणिज्य बैंकहरूमध्ये सबैभन्दा बढी रहेको अनुमान बैंकले गरेको छ । कोभिड(१९ को विषम परिस्थितिमा समेत बैंकले कर्जा असुलीमा निकै उत्साहजनक नतिजा हासिल गर्न सफल भई निष्कृय कर्जालाई दोस्रो त्रयमाससम्ममा ०.४७ प्रतिशतमा सीमित राख्न बैंक सफल भएको उल्लेख गरेको छ । बैंकले आ.व. २०७८/७९ को दोस्रो त्रयमास सम्ममा ५ लाख भन्दा बढी नयाँ खाताहरू थप गर्दै ३३ लाख भन्दा बढी खाताहरू मार्फत ग्राहकहरू सेवा बढाएको, त्रयमास सम्ममा बैंकले कुल कर्जा लगानीको अंशमा करिब ८८ प्रतिशत साना तथा मझौला र रिटेल प्रकारका रणनीतिक क्षेत्रहरूमा कर्जा विस्तार गरेको, साना तथा मझौला कर्जा लगानीमा मुलुकका अन्य वाणिज्य बैंकहरू भन्दा अग्रणी स्थानमा रहेको बैंककले दावी गरेको छ । सधिर नाथ पाण्डेद्वारा जारी बिज्ञप्तिमा उक्त कुरा उल्लेख छ ।

# महालक्ष्मी विकास बैंकको दोश्रो त्रैमासको वित्तीय विवरण सार्वजानिक

काठमाडौ । महालक्ष्मी विकास बैंक लि.को चालु आर्थिक वर्षको दोश्रो त्रैमास सम्मको अपरिष्कृत वित्तीय विवरण सार्वजनिक गरेको छ । चालु आर्थिक वर्षको पौष मसान्त सम्ममा बैंकले ४५ करोड ६२ लाख खुद नाफा कमाउन




सफल भएको सार्वजानिक गरेको प्रेस बिज्ञप्तिमा उल्लेख छ । गतवर्षको यही अवधिको तुलनामा ३१.५५ प्रतिशतले बढी रहेको उल्लेख गरेको हो । समीक्षा अवधिमा बैंकको निक्षेप ४३ अर्ब १ करोड तथा कर्जा ४०अर्ब पुगेको छ । यस आर्थिक वर्ष बैंकले सञ्चालन आम्दानी तर्फ १ अर्ब १० करोड आम्दानी गर्री बैंक अर्बको क्लबमा उक्लिएको उल्लेख छ । त्यसैगरि गत आर्थिक बर्षको पौष मसान्त सम्मको खुद सञ्चालन मुनाफालाई ४१ प्रतिशतले बृद्धि गरी खुद सञ्चालन मुनाफा ६८ करोड आर्जन गरेको छ । समिक्षा अवधिमा बैंकले उल्लेख्य रुपमा खराब कर्जा घटाई गत बर्षको ४.७९ प्रतिशतको खराब कर्जालाई २.८९ प्रतिशतमा झार्न सफल भएकोमा प्रगति मानेको उल्लेख छ । गत आर्थिक वर्षको मुनाफाबाट शेयरधनी महानुभावहरुलाई २१.०५२६ प्रतिशत लाभांश प्रस्ताव गर्न सफल बैंकले समग्र वित्तीय विवरणमा उल्लेख्य प्रगती गर्दै आगामी वर्ष पनि आकर्षक लांभाश दिनतर्फ उन्मुख रहेको बैकले जारी गरेको सार्वजानिक नोटमा उल्लेख छ ।

# सनराइज बैंकको थप २ शाखारहित बैंकिङ सेवा विस्तार

सनराइज बैंक लिमिटेडले बैंकिङ पहुँच नपुगेका देशका विभिन्न स्थानमा अत्याधुनिक बैंकिङ सुविधा पुर्याउने उद्देश्यले शाखारहित बैंकिङ सेवा विस्तार गर्दै आएको छ । सोही क्रममा माघ ७ शुक्रबार बैंकले प्रदेश ३ को रामेछाप जिल्लाको मन्थली नगरपालिका वडा नं. १४ फुलासीमा ८४ औं शाखारहित बैंकिङ सेवाको सुरुआत गरेको छ। यसका साथै शनिबार बैंकले प्रदेश १ को ओखलढुंगा जिल्लाको मोलुङ गाउँपालिका वडा नं. १ कुन्तादेवीमा ८५ औं शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको छ । ती शाखारहित बैंकिङ सेवाहरु सञ्चालनमा आएसँगै बैंकको शाखारहित बैंकिङ संख्या ८५ पुगेको छ। बैंकले सेवा सञ्चालनका लागि फुलासीका बसन्तकुमार लामा र कुन्तादेवीका लालप्रसाद ढकाललाई व्यावसायिक प्रतिनिधिका रुपमा नियुक्त गरेको छ ।

# नविल बैकमा पुनः अध्यक्षमा पौडेल

काठमाडौं । नबिल बैंक लिमिटेडको संचालक समितिको मिति २०७८ पौष ३० गते बसेको बैठकबाट सर्वसम्मत रुपमा बैंक संचालक समितिको अध्यक्षमा पुनः उपेन्द्र प्रसाद पौडेल नै भएको बैकले जानकारी दिएको छ । बैठकले अध्यक्ष




चयन गरेकै दिन नेपाल राष्टू बैंकका गर्भनर महाप्रसाद अधिकारी बाट पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन् । नेपाल राष्टू बैंक, केन्द्रीय कार्यालय, बालुवाटारमा पुगेर अध्यक्ष पौडेलले शपथ ग्रहण गरेका हुन् । उक्त अवसरमा नेपाल राष्टू बैंकका डेपुटी गर्भनरद्धय नीलम ढुङ्गाना तिम्सिना, बम बहादुर मिश्र, बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक देव कुमार ढकाल, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट तथा नबिल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अनिल केशरी साह लगायत नेपाल राष्टू बैंकका उच्च पदस्थ अधिकारीहरुको उपस्थिती रहेको बैकले उल्लेख गरेको बिज्ञप्तिमा छ ।

# बैंक अफ काठमाण्डू र लाइफ मेडिप्लस अस्पतालबीच सम्झौता

बैंक अफ काठमाण्डू र मेडिप्लस अस्पताल तथा ट्रमा सेन्टरबीच सहुलियत दिनेबारे सम्झौता भएको छ । बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल




बैंकिङबाट क्यूआर कोड स्क्यान गरी भुक्तानी गर्दा ग्राहकले १० प्रतिशतसम्म छुट पाउने भएका छन् । यो सम्झौता पश्चात् ग्राहकले मेडिप्लस अस्पतालका विभिन्न सेवामा १० प्रतिशत छुट पाउने बताइएको छ । ग्राहकले उक्त सेवामा छुट उपयोग गर्नको लागि बैंकको मोबाइल बैंकिङ तथा कार्डको प्रयोग गरी भुक्तानी गर्नुपर्नेछ । मेडिप्लस अस्पताल तथा ट्रमा सेन्टरले कास्की जिल्लाबाट सेवाग्राहीलाई गुणस्तरीय सेवा तथा सुबिधाहरु प्रदान गर्दै आएको छ । बैंक अफ काठमाण्डूले ९४ शाखा कार्यालय, ८४ एटीएम र १० एक्स्टेन्सन काउन्टरबाट बैंकिङ सेवा दिँदै आएको छ ।

# सांग्रिला बैंकको शाखा बर्दियाको राजापुरमा

सांग्रिला डेभलपमेन्ट बैंकले बर्दियाको राजापुर बजारमा शाखा सञ्चालनमा ल्याएको छ । ग्रामीण साथै शहरी क्षेत्रमा समेत आफ्नो शाखा विस्तार गर्ने क्रममा




बैंकले सो शाखा सञ्चालनमा ल्याएको जनाएको छ । राजापुर शाखा कार्यालय सञ्चालनमा आएसँगै सो क्षेत्रका सर्वसाधारणलाई सहज बैंकिङ सुविधा पुग्ने विश्वास बैंकले लिएको छ । यो सँगै बैंकको कुल शाखा संख्या १०६ पुगेको छ । ग्राहकलाई सेवा उपलब्ध गराउने अभिप्रायले अन्य विभिन्न स्थानहरुमा चाँडै नै थप शाखा कार्यालय संचालन गर्ने योजना बनाएको बैंकले जनाएको छ ।

# राष्ट्रिय वाणिज्य बैंकको ५७ औं वार्षिकोत्सव सम्पन्न

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५७औं वार्षिकोत्सव समारोह अर्थमन्त्री जनार्दन शर्माको प्रमुख आतिथ्यतामा कोभिड १९ का कारण भर्चुअल माध्यमबाट सोमबार सम्पन्न भएको छ । कार्यक्रममा अर्थमन्त्री शर्माले वित्तीय व्यवस्थापन आफैंमा चुनौतीपूर्ण भएतापनि राष्ट्रिय वाणिज्य बैंकले चुनौतीको सामना गरि व्यवसायीकरुपमा अगाडि बढिरहेको बताए । उनले बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा लगानी गरि राष्ट्र निर्माणमा थप योगदान गर्नुपर्ने बताए । उनले बैंकले आगामी दिनमा प्रविधिको मार्फत दिइने बैंकिङ्ग सेवाले ग्राहकको आकांक्षा बमोजिम ग्राहकमैत्री सेवाको लागि थप कार्य गर्नुपर्ने बताए । प्रमुख अतिथि एवं अर्थमन्त्री शर्माले कार्यक्रममा युएसएसडि मोवाइल बैंकिङ्गको डिस्प्ले गरी सेवा शुभारम्भ गर्दै यसले इन्टरनेट नभएको स्थानमा पनि वित्तीय पहुँचको विस्तार हुने बताए । बैंकको ५७ औं वार्षिककोसवको अवसरमा प्रकाशन गरि एको विशेषाङ्क स्मारिका उपहार(२०७८ भर्चुअल माध्यमबाट विमोचन भएको थियो । बैंकले अब सिमित कारोबारको लागि शाखामा जान नपर्ने गरी बैंकको मोवाइल बैंकिङ्ग सुविधा लिएका ग्राहकहरुले दुई लाख रुपैंयाँसम्मको नगद भुक्तानी लिन सक्ने गरी सबै शाखा कार्यालयहरुको काउण्टरमा कबचत त्तच त्भ्रिभच सेवाको शुभारम्भ गरेको छ ।

## अर्थ संसार

# प्रोभिडेन्ट मचेन्ट बैंकिङको नाफा ६३ लाख

प्रोभिडेन्ट मचेन्ट बैंकिङले आर्थिक वर्ष २०७७-०७८ मा ६३ लाख ३३ हजार रुपैयाँ मुनाफा गरेको छ । कम्पनीको चुक्ता पुँजी ८ करोड रुपैयाँ छ । यस आधारमा कम्पनीले प्रति सेयर आम्दानी ३ रुपैयाँ १७ पैसा गरेको छ । कम्पनीले गत वर्षको आम्दानीलाई जगेडा कोषमा राखेको छ । उक्त कोषबाट




आगामी वर्ष बोनस वा डिभिडेन्ट वितरण गरिने कार्यकारी अध्यक्ष तिवारीले जानकारी दिए । प्रोभिडेन्टको साधारणसभाले आर्थिक वर्ष २०७७-०७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गरेको छ ।

यसैगरी सभाले गत आर्थिक वर्षको लेखापरीक्षकको प्रतिवेदन पारित गर्नुका साथै आगामी आर्थिक वर्षका लागि लेखापरीक्षकको नियुक्ति गरी पारिश्रमिक समेत तोकेको छ । प्रोभिडेन्टले डिम्याट खाता खोल्ने सेवा, पोर्टफोलियो मानेजमेन्ट सेवा, निक्षेप सेवा, सेयर खरिद बिक्री तथा परामर्श सेवा र सेयर बजारसम्बन्धी तालिम सेवा उपलब्ध गराउँदै आएको छ ।

# मुक्तिनाथ बैंकले ल्यायो सर्वाधिक ब्याज दिने योजना

काठमाडौं । मुक्तिनाथ विकास बैंकले ग्राहकहरुको हितलाई ध्यानमा राख्दै निक्षेपकर्ताहरुलाई अत्यन्त लाभदायी बचत खाताहरु मध्ये सर्वाधिक ब्याजदर प्रदान गर्ने, मासिक ब्याज आर्जन हुने मुक्तिनाथ सर्वोत्कृष्ट बचत खाता




सञ्चालनमा ल्याएको छ ।

ग्राहकहरुले मात्र रु १०,०००/- को न्यूनतम मौजदातमै मुक्तिनाथ बैंकको सर्वोत्कृष्ट बचत खाता खोल्न सक्नेछन् र यस बचत खातामा बैंकले ग्राहकहलाई वार्षिक सर्वाधिक ब्याजदर ७.३५% को दरले मासिक ब्याज भुक्तानी प्रदान गर्नेछ । यसबाट ग्राहकले ठूलो लाभलिन सक्ने र बैंकको व्यवसाय बृद्धिमा सहयोग पुग्ने बैंकले जनाएको छ । यस खाताबाट मासिक बचत गर्ने र न्यूनतम लगानीमा उच्चतम प्रतिफल खोज्ने ग्राहकहरुलाई अत्यन्त फाइदा पुग्ने बैंकल उल्लेख गरेको छ ।

# कामना सेवा विकास बैंकको स्थानान्तरित शाखा उदघाटन

काठमाडौं । कामना सेवाविकास बैंक लिमिटेडको तनँहु जिल्ला शुक्ला गण्डकी नगरपालिका वडा नं.०८ ढोरफिर्दी अवस्थित शाखा कार्यालयलाई



ग्राहकको माग तथा सुविधालाई मध्यनजर गरी तनँहु जिल्ला शुक्ला गण्डकी नगरपालिका वडा नं. ०४ दुलेगौडामा शाखा स्थानान्तरण गरि २०७८ माघ ०९ गतेको दिन बैंकका सञ्चालक चतुराखर अधिकारी, देवकृष्ण काफ्ले र बलराम बरालबाट संयुक्त रुपमा स्थानान्तरित दुलेगौडा शाखाका र्यालयको विधिवत् रुपमा उद्घाटन गरेर कार्यक्रम सम्पन्न गरेका हुन् । कामना सेवा बिकास बैकले ग्रहकहरुको चाहाना र इच्छा अनुसारको काम गर्दै आएको जनाएको छ ।

# लैंगिक समानता र ईयूको प्रयास

श्यामप्रसाद मैनाली

प्रारम्भ

२१औं शताब्दीमा सबै देश लैंगिक विभेद समाप्त पार्न प्रतिबद्ध छन् । तर, यो समस्यालाई निरपेक्ष रूपमा निर्मूल गर्न कुनै पनि देश सफल भएका छैनन् । विश्वमै हर दृष्टिकोणले सम्पन्न र विकसित देश संयुक्त राज्य अमेरिकामा समेत राष्टूपतिजस्तो उच्च ओहोदामा महिला पुग्नु नहुने संकीर्ण सोचरहेको पाइन्छ । हिलारी क्लिन्टनको टूंपसँग राष्टूपति पदमा र ओबामासँग राष्टूपतिको उम्मेदवार बन्न आफ्नै दलभित्र भएको प्रतिस्पर्धामा पराजित हुनुलाई उक्त देशमा महिला हुनुको कारणका रूपमा समेत लिने गरिएको छ । मध्यपूर्वी देशहरूमा महिलाको अवस्था अत्यन्त दयनीय छ । साउदी अरबमा केही वर्ष पहिलेदेखि मात्र महिलाहरूले फुटबल हेर्न र सवारीसाधन चलाउन अवसर पाएका हुन् । यस क्षेत्रका अन्तर्राष्ट्रिय विमान स्थलहरूमा महिला र पुरुषका लागि छुट्टै लाउन्जको व्यवस्था गरिएको छ । संसारभर महिलाले मतदान गर्ने अधिकार पुरुषको तुलनामा धेरैपछि मात्र पाएका हुन् । यस विभेदलाई निर्मूल गर्न प्रायः सबै लोकतान्त्रिक देश लागिपरेका छन् । युरोपियन युनियनले 'सबैभन्दा पहिला लैंगिक समानता ( जेन्डर इकोलिटी फस्ट)' भन्ने नारासहित यस समस्याको समाधानमा लागिपरेको छ । विश्वभर यस समस्याको समाधान गर्न ईयूलगायत अन्य देश के कसरी अघि बढेका छन् ? त्यसको विश्लेषण गर्ने प्रयास यस आलेखमा गरिएको छ ।

ईयूलगायत विश्व संस्थाको प्रतिबद्धता

यस सन्दर्भमा आफ्नो प्रतिबद्धता व्यवहारमै देखाउने क्रममा ईयू सबैभन्दा अग्रस्थानमा रहेको छ । यसले आफ्ना साझेदार देशहरूमा प्रदान गर्ने सहायताको आकार त्यस देशमा मानव अधिकार र लैंगिक समानताको पक्षमा देखिएको प्रतिबद्धता र कार्यान्वयनको अवस्थालाई मुख्य आधार बनाएको छ । विश्वभर महिलाका लागि सहयोग गर्न यी देश लागिपरेका छन् । यसलाई ईयूले आफ्नो मूल्य र मान्यताकै रूपमा अंगीकार गरेको अवस्था छ । मानवअधिकार, स्वतन्त्रता, लोकतन्त्र र समानतालाई प्राथमिकता प्रदान गरिरहँदा यी देशहरूको पहिचान नै यसैमा आधारित हुँदै गएको छ । यसैलाई राष्टूको समृद्धिका लागि आधारका रूपमा ग्रहण गरिराखेको छ । राष्टूको सामर्थ्यको उजागर गर्न र शक्ति आर्जन गर्नसमेत यो समस्याको निराकरण हुनुपर्नेमा जोड दिएको छ । ईयूले लैंगिक समानतालाई शान्ति, सुरक्षा, आर्थिक प्रगति र दिगो विकासका लागि अनिवार्य सर्तका रूपमा आत्मसात् गर्दै तदनुरूप आफ्ना नीति तथा कार्यक्रमको निर्धारण गर्दै आएको छ । महिलालाई सम्मान र समान अधिकार दिलाउन सबै क्षेत्रमा अनुदान प्रदान गर्दा राजनीतिक रूपमा प्राथमिकता प्रदान गर्दै यसैलाई मूल लक्ष्यका रूपमा अघि सारिराखेको छ ।

ईयूले लैंगिक कार्ययोजना तयार पारी त्यसका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छ । यसले विश्वव्यापी रूपमा यस लक्ष प्राप्तिका लागि मार्गचित्र तयार पारेको छ । लैंगिक विभेदरहित विश्वको परिकल्पना गर्दै आफ्ना नीतिबाट विश्वमै सकारात्मक परिवर्तन ल्याउन अग्रसर भएको छ । द्वीपक्षीय, क्षेत्रीय, बहुपक्षीय, संघसंस्था नागरिक समाजसमेतलाई समेटेर सहकार्य र साझेदारी गर्दै लक्ष्य उन्मुख भएको छ ।

सन् २०१९ देखिको संक्रमणका कारण लैंगिक असमानताको अवस्थामा वृद्धि भएको छ । यस अवधिमा यो विभेदको वृद्धि शिक्षा, व्यावसायिक प्रशिक्षण, स्वास्थ्य, सुरक्षाका क्षेत्र नकारात्मक रूपमा प्रभावित भइराखेका छन् । आर्थिक अवसर र महिला स्वास्थ्यका विषयलाई गौण बनाइएको छ । बन्दाबन्दीको समयमा महिलाविरुद्धका हिंसाका घटना विशेषगरी घरेलु हिंसामा उलेखनीय वृद्धि भएको छ । महिलाहरूलाई धेरै प्रकारका जटिलताको सामना गर्नुपर्ने परिस्थिति बनेको छ । अनौपचारिक र अदक्ष श्रमिकका रूपमा अधिकांश महिला देखिएका छन्, यस्ता वर्गमा पर्ने र कमजोर एवं सीमान्तकृत समूहमा पर्ने महिलाहरूले अत्यन्त ठूलो विभेद र जोखिमको सामना गर्नुपरेको तीतो यथार्थता ईयूले उजागर गरेको छ । विद्यालय बन्द रहेकाले बालिका यौन शोषणमा पर्ने जोखिम पनि बढाएको छ । केटीहरू सानै उमेरमा गर्भवती बन्ने, अनमेल र जबरजस्ती विवाह गरिदिने, बालश्रममा लगाउने प्रवृत्तिको विकास यस अवधिमा भएको छ । दि मलला फन्डले गरेको अध्ययनबाट यो अवधिमा २ करोड संख्यामा छात्राले विद्यालय छाडेका छन् । ठूलो संख्याका महिलाहरूले शिक्षाको अवसरबाट वञ्चित हुनुपरेको छ ।

संयुक्त राष्टूसंघको एक प्रतिवेदनमा सन् २०२० मा कोभिड(१९ को संक्रमणबाट बच्न थुप्रै रकम स्वास्थ्य क्षेत्रमा खर्चिनुपरेको अवस्थामा समेत विश्वभर भएको सैन्य खर्च स्वास्थ्य क्षेत्रमा भएको खर्चभन्दा बढी देखिएको छ । तसर्थ, कोभिड(१९ को संक्रमणबाट बच्न हामीले लैंगिक असमानताविरुद्ध युद्धस्तरमा कार्यरत रहनुपर्ने अवस्था स्पस्ट छ ।

यो चुनौतीको सामना गर्न विश्वभरका मानव समुदाय एकताबद्ध हुनु जरुरी छ । हाम्रा भावी सन्तती बालबालिकाहरूको संक्रमण पछाडिको भविष्य निर्माणका लागि र हामो प्रतिबद्धताअनुरूप सफलता प्राप्त गर्न यो विश्वलाई लैंगिक विभेदबाट मुक्तगरी सबै प्रकारले समान अधिकार, इज्जत प्रदान गर्नुपर्छ । सबैले भेदभावबिना समान अवसर प्राप्त गर्ने स्वतःस्फूर्त अवस्था बनाउनु जरुरी छ । यसका लागि जुनदेशमा यो विभेद बढी छ सो स्थानमा विशेष प्राथमिकता प्रदान गर्नुपर्छ । यस सन्दर्भमा दिगो समानताको निरन्तरता प्राप्तिका लागि यस समस्याको मूल कारण पहिचान गरी सोहीअनुरूपको समाधानको खोजी हुनुपर्छ । यसबाट मात्र अपेक्षित परिणाम र परिवर्तन सम्भव छ । ईयूका सदस्य राष्टूहरू, यसका वित्तीय निकायलगायत समग्र ईयू यस लक्ष्य प्राप्तिका लागि समर्पित रहिआएका छन् । यो समूहले ४६ अर्ब युरो १३० साझेदार देशमा लागि सहयोग राशिको प्रवाह गरिसकेको छ । यो रकमको परिचालन महिला र युवायुवतीहरूका लागि गरिएको छ । संक्रमणको समयमा समेत ईयूले यस क्षेत्रमा देखाएको चासो स्वागतयोग्य छ ।

नेपालमा पनि ईयूले रेडियोका माध्यमबाट १० लाख छात्रालाई शिक्षा प्रदान गरेको छ । टोगो टापुमा आम्दानी बढाउन विश्वव्यापी कार्यक्रमको थालनी गर्दै नयाँ नगरपालिकाका प्रमुखमा महिलाको नेतृत्व रहने व्यवस्था मिलाएको छ । विश्वव्यापी रूपमा ईयू, संयुक्त राष्टू संघ र स्पट लाइटको सक्रियतामा ६ लाख ५० हजार महिलाहरूलाई उनीहरूविरुद्ध हुने हिंसाबाट मुक्ति दिलाएको छ । ८ लाख ८० हजार पुरुष र महिलाहरूलाई पुरुषत्वका आधारमा महिलाहरूमाथि सकारात्मक प्रभाव पार्दै समानता अभ्यास गराउन र कमजोर महिलाहरूको अभिभाकत्व प्रदान गर्ने प्रणालीको विकास गरेको छ । बढ्दो असमानतालाई नियन्त्रणमा लिन अझै धेरै प्रयास गर्नुपर्ने अवस्था छ । ईयूको लैंगिक कार्य योजनाले महिलाको नेतृत्व तहमा स्थापित गराउन, महिलाहरूको राज्यका सबै प्रकारका क्रियाकलापमा अर्थपूर्ण सहभागिता वृद्धि गर्न, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक सहभागितामा उल्लेखनीय वृद्धि गर्न उद्देश्य राखेको छ । आगामी दिनहरूमा यस कार्यक्रमको निरन्तरताका लागि ७९ दशमलव ५ अर्ब युरोको बजेट विनियोजन गरेर नयाँ योजना तयार भएको छ । आगामी पाँच वर्षभित्र यसले उल्लेखनीय उपलब्धि हासिल गर्नेछ । यो कार्यक्रमबाट महिलाहरूलाई शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । संक्रमणको समयमा बालबालिकालाई संरक्षण प्रदान गरी महिलाहरूको स्वास्थ्यका सम्बन्धमा विशेष महत्व दिँदै सबै छात्राहरूलाई सुरक्षित प्रकारले विद्यालयमा पठाई अध्ययनलाई निरन्तरता दिन सहयोग प्रदान गरेको छ । ईयूबाट पवाह गरिने सहायता रकमलाई शिक्षाको क्षेत्रमा प्राथमिकता प्रदान गरिएको छ ।

यस प्रकारको सहायता राशिलाई थप गर्दै जाने सोच ईयूले बनाएको छ । शिक्षाका माध्यमबाट महिलाहरूमा जागरण ल्याई सबै तहहरूमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ कार्यान्वयनमा जुटेको छ । १ दशमलव ७ अर्ब युरो ९० देशहरूका साझेदारलाई शिक्षाको क्षेत्रमा मात्र लागानी गर्ने नीति छ । यो प्रयासलाई बढाउँदै निरन्तरता दिँदै शिक्षा र आर्थिक अवसर प्रदान गर्न कार्यक्रम तय भएका छन् । सन् २०२५ सम्म ८५ प्रतिशत महिलालाई सबै क्षेत्रमा पहुँच स्थापित गराएर सशक्तीकरण गर्दै सबै प्रकारले समान हैसियतमा पुऱ्याउने महान् लक्ष्यका साथ कार्य गरिराखेको छ । यो कार्यक्रमलाई अन्तिम रूप दिन साझेदार राष्टूका नागरिक समाज महिला अधिकारकर्मी र युवाहरूसँग सहकार्य भइराखेको छ । सन् २०३० सम्म पूर्णरूपमा यो गन्तव्यमा पुग्नेगरी ईयूको प्रतिबद्दता रहेको छ र सोहीअनुसार कार्यक्रम सञ्चालित भइराखेका छन् ।

लैंगिक समानताको उपादेयता

लैंगिक समानता कायम गर्न विभिन्न राष्ट्रहरूले नीति अवलम्बन गर्दै सोही अनुरूपका कार्यक्रम कार्यन्वयन गरिराखेका छन् । समानताका समस्या अमुक समाजमा पृथक देखिए तापनि यसको मूल समस्या आर्थिक हो । विश्वका धेरै संख्याका महिला अवसरबाट वञ्चित छन् । धर्म, सामाजिक रीतिस्थिति, पुरुषप्रधान समाज आदिका कारण यो वर्ग पछिपरेको छ । महिला अधिकारकर्मीहरूका लागि यो समस्या ठूलो चुनौतीका रूपमा रहेको छ । विश्व जनसंख्याको आधा भाग महिला हुनुको कारण यो वर्ग पछि पर्दा त्यस राष्ट्रको समृद्धि सम्भव हुँदैन । यो समूहलाई सशक्त बनाई सबै प्रकारका अवसर प्रदान गर्दा सार्वजनिक सेवाको जवाफदेहिताको निर्वाह हुन पुग्छ, आर्थिक वृद्धि र आर्थिक विकासका दिसामा योगदान दिनेतर्फ अभिमुख हुन्छ, भ्रष्टाचार नियन्त्रणमा उल्लेखनीय सुधार आउँछ । यो वर्गको सहभागिता सुनिश्चित हुँदै गर्दा लगानीका लागि सकारात्मक वातावरण तयार हुन्छ, शासकीय व्यवस्थामा सुधार सम्भव हुन्छ, गरिब समुदायमा आर्थिक क्रियाकलाप वृद्धि हुन थाल्छन् । महिला सशक्तीकरणबाट शिक्षा, स्वास्थ्य सेवामा सहज पहुँच, बजार व्यवस्थामा महिलाको सशक्त सहभागिताको सुनिश्चितता प्रदान गर्दै आयआर्जनका कार्यक्रम सञ्चालन गरिने हुँदा देशको समृद्धि लागि समेत लैंगिक समानताको उपादेयता सिद्ध हुन आउँछ ।

तर, नेपाललगायत धेरै देशहरूमा लैंगिक समानताको नाममा केही सम्भ्रान्त परिवारका महिलाहरूले मात्र अवसर प्राप्त गरी यस नीतिप्रति नै वितृष्णा फैलाउने कार्य भइराखेका छन् । त्यसैले यस महान् उद्देश्य प्राप्तिका लागि केही साझा उपाय सबै देशहरूले अवलम्बन गर्नु उपयोगी हुने देखिन्छ ।

आधारभूत सेवा सुविधा यथासमयमा उपलब्धगराउन यस्ता कार्यहरू'दयगतमा अधिकारको पूर्ण रूपमा विकेन्द्रीकरण गरी स्थानीय निकाय तथा स्थानीय सरकारबाट प्रदान गरिने नीति लिनुपर्छ । महिलाहरूलाई सशक्त बनाउनु नै लैंगिक समानताको दिशामा अभिमुख हुनु हो । सशक्तीकरणको पाटो आर्थिक पक्षसँग बढी सम्बन्धित हुने गरेको छ । आर्थिक क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गरिँदा आर्थिक वृद्धि र दिगो विकासमा योगदान पुग्छ । उत्पादक आर्थिक क्रियाकलापमा संलग्नता गराउनु जरुरी हुन्छ । लगानीका लागि मैत्रीपूर्ण वातावरण सिर्जना गरिनुपर्छ । रोजगारीका अवसरहरूमा यो वर्गले सबैभन्दा बढी प्राथमिकता पाउनुपर्ने स्थिति छ । सबै प्रकारका सूचनाहरूमा सहज पहुँच कायम हुनुपर्छ । यो संवेदनशील वर्ग उत्पादनकर्ता र उपभोक्ता दुवै भएको यथार्थता नीतिनिर्माताहरूले जानकारीमा लिनुपर्छ । विकेन्द्रीकरण, निक्षेपणको असली अभ्यास स्थानीय शासनमा गरिनुपर्छ । यसलाई सुदृढ र संस्थागत गरिनुपर्छ । यस प्रकारको व्यवस्था हुँदा महिलाले सबै प्रकारका सूचना यथासमयमा प्राप्त गरी सरकारी कार्यहरूमा अर्थपूर्ण सहभागिता दिई सरकारलाई जनताप्रति जवाफदेही बनाउन योगदान पुग्छ र सुशासन कायम गर्ने अवस्था बन्छ । महिला नै परिवर्तनका बाहक बन्न सक्दछन् । नीति निर्माणगर्दा र राष्ट्रिय बजेट र कार्यक्रम तर्जुमा गर्दैको अवस्थामा यो वर्गको क्रियाशीलताको सुनिश्चितता हुनुपर्छ । सबै प्रकारका कानुनी संरक्षण प्रदान गर्नु जरुरी हुन्छ ।

राजधानी दैनिक

# गज्जुबाबुपछिको मधेस राजनीति

श्रीमन नारायण

नेपाल सद्भावना पार्टीका संस्थापक अध्यक्ष एवं मधेसी नेता गजेन्द्रनारायण सिंहको निधन भएको २० वर्ष बितिसकेको छ । उहाँको निधनपश्चात्का दुई दशकमा देशको राष्ट्रिय राजनीतिमा धेरै आरोह-अवरोधका घटना भए । नेपाली काँग्रेसका नेता कार्यकर्ताले बीपी कोइरालालाई बीपीबाबु भनेर सम्बोधन गरेजस्तै मधेसमा गजेन्द्रनारायण सिंहलाई धेरैले गज्जुबाबु भनेर बोलाउँथे । उहाँको निधन भएपछिको यस अवधिमा जननिर्वाचित संविधान सभामार्फत संविधान निर्माण भएको छ । देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । राजनीतिक स्थायित्व कायम भई स्थायी शान्तिको अनुभूति जनताले गरिरहेका छन् । जननिर्वाचित प्रतिनिधिले सङ्घीय सरकार तथा प्रादेशिक सरकारको नेतृत्व गरिरहेका छन् । मधेसवादी दल सङ्घीय सरकारमा सहभागी छन् भने यसअघिको प्रदेश २ (हाल मधेस प्रदेश)को सरकारको नेतृत्व पनि गरिरहेका छन् तर गजेन्द्रनारायण सिंहले जुन मूल्य, मान्यता एवं सिद्धान्तमा आधारित राजनीति गरिरहनुभएको थियो, त्यसको अब पटाक्षेप भइसकेको छ । स्वयं उहाँकै अनुयायीले पनि परिवारवाद, जातिवादको राजनीतिलाई महlव दिएका छन् तथा मधेसको मुद्दालाई कमाइखाने भाँडो ठानेका छन् । हालै प्रदेश २ को संसद्ले दुईतिहाइ बहुमतबाट मधेस प्रदेश घोषणा गरेको छ तर गजेन्द्रबाबु बाँचेका भए यस्तो नामकरण हुने सम्भावना थिएन । वि.सं. २०४७ मा नेपाल सद्भावना पार्टीको स्थापना गरी उहाँले अघि सारेका कतिपय मागको सम्बोधन भइसकेको छ भने कतिपय मागप्रति स्वयं उहाँकै

बाँकी ६ पृष्ठमा

# खेलकुद

## अनिल खरेलको उत्कृष्ट पुनरागमन

काठमाडौं । प्रधानमन्त्री कप टी-२० क्रिकेट प्रतियोगितामा लुम्बिनी प्रदेशले समूह चरण पार गर्न सकेन । तर टोलीका युवा स्पीनर अनिल खरेल प्रतियोगिताकै उत्कृष्ट बलर बन्न सफल भएका छन् । यसले अनिलका लागि राष्ट्रिय टिमको बन्द प्रशिक्षणको ढोका खोल्ने सम्भावना बढेको छ ।

नेपाल अर्को महिना ओमानमा हुने टी-२० विश्वकपको ग्लोबल क्वालिफायरको तयारीमा छ । त्यहीकारण एकदिवसीय प्रधानमन्त्री कपको फर्म्याट परिवर्तन गरेर टी-२० बनाइएको छ । बुधबार भएको फाइनलमा नेपाल पुलिस क्लबलाई पराजित गर्दै सशस्त्र प्रहरीको एपीएफ क्लबले उपाधि जितेको छ ।

नकआउट चरण पुग्न नसकेको लुम्बिनीले समूह चरणका चारमध्ये दुई खेल जित्यो भने दुईमा हार व्यहोऱ्यो । कुल १३ ओभर बलिङ गरेका अनिलले मात्र ७८ रन दिएर १० विकेट लिए । त्यही कारण राष्ट्रिय टिमबाट खेलिसकेमा सिनियर बलरहरु समेतलाई उछिन्दै अनिल प्रतियोगिताकै उत्कृष्ट बलर बने ।

प्रतियोगितामा सर्वाधिक १४ विकेट नेपाल पुलिसका कप्तान दीपेन्द्रसिंह ऐरीले लिएका छन् भने एपीएफका अविनाश बोहोराले १२ विकेट लिएका थिए । तर दुवैले अनिलले भन्दा २ खेल बढी खेलेका थिए । एपीएफकै किशोर महतोले पनि १० विकेट लिएका छन्, तर उनले पनि ६ खेल खेलेका छन् ।

त्यो फुच्चे अनिल

२१ वर्षका अनिल नेपाली क्रिकेटका लागि नयाँ नाम भने होइन । सन् २०१४ मा मलेसियामा भएको एसीसी यू-१६ प्रिमियर क्रिकेटमा १३ वर्षका अनिलले उत्कृष्ट प्रदर्शन गरेका थिए । नेपाललाई उपाधि दिलाउने क्रममा उत्कृष्ट प्रदर्शन गरेका उनले त्यो प्रतियोगितामा ५ खेल खेल्दै १३ विकेट लिएका थिए । १३ वर्षकै उमेर सनसनी मच्चाएका अनिल प्रोमिसिङ प्लेअरको अवार्ड जित्न सफल भए ।

उनको उत्कृष्ट प्रदर्शन १६ रन खर्चेर ६ विकेट लिनु थियो । जुन प्रतियोगिताकै उत्कृष्ट स्पेश थियो । प्रतियोगिताका उत्कृष्ट बलर भने नेपालकै जितेन्द्र सिंह बनेका थिए, जसले सर्वाधिक १५ विकेट आफ्नो नाममा लेखाएका थिए ।

त्यो बेला अनिलसंगै नेपाली टिममा रहेका आसिफ शेख र पवन सर्राफले राष्ट्रिय टोलीमा स्थान बनाइसके । सुमित महर्जन, रविन्द्र जंग र सुशान्त थापा पनि घरेलु क्रिकेटमा खेलिरहेका छन् । अनिल भने क्रिकेटमा छाउन सकेका थिएनन् ।

प्रधानमन्त्री कपमा प्रदर्शन

अनिलले तेस्रो पटक प्रधानमन्त्री कप क्रिकेट खेलेका हुन् । यसअघि खासै राम्रो गर्न नसकेपनि यस पटक भने बेस्ट बलर बन्ने प्रदर्शन गरे ।

प्रतियोगिताको पहिलो खेलमा उनले १ विकेट लिए । मुलपानीमा बागमती प्रदेशविरुद्ध अनिलले ३ ओभरमा १७ रन खर्चिए । उक्त खेलमा लुम्बिनी पराजित भयो ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा प्रदेश २ विरुद्ध भएको दोस्रो खेलमा भने अनिलले धातक बलिङ गरे । उनले ४ ओभरमा १ मेडन राख्दै १३ रन मात्र खर्चेर ५ विकेट लिँदै प्रदेश २ को इनिङ्स ध्वस्त पार्दा लुम्बिनीले पहिलो जित हात पाऱ्यो ।

मुलपानीमा भएको एपीएफ विरुद्धको तेस्रो खेलमा भने उनले विकेट लिन सकेनन् । फेरि टीयू मैदानमै भएको गण्डकीविरुद्ध चौथो खेलमा अनिल चम्किए । उनले ४ ओभरमा १५ रन खर्चेर ४ विकेट लिए । यो खेल पनि लुम्बिनीले नै जित्यो ।

४ खेलमा १० विकेट लिएका अनिल बेस्ट बलर बन्दा खुसी छन् । तर टिम सेमिफाइनल पुग्न नसकेकोमा सन्तुष्ट छैनन् । 'टिम राम्रै भएजस्तो लाग्थ्यो तर पहिलो खेलमै बागमतीसँग हाऱ्यौ । सेमिफाइनल पुगेको भए हामी अझै खुशी हुन्थ्यौं,' अनिलले भने ।

उमेर समूहको प्रतियोगिता नहुँदा गाह्रो भयो

एसीसी यू-१६ प्रिमियर लिगमा उत्कृष्ट प्रदर्शन गरेपछि अनिल भविष्यका लागि सम्भावना बनेको खेलाडीको रुपमा देखिएका थिए । उनीसँगै खेलेका अन्य खेलाडीहरु राष्ट्रिय टिमसम्मै पनि पुगिसके । तर अनिल भने बिचमा हराएको जस्तै भए । उनका अनुसार एकातिर पढाईका दबाव थियो । स्कुल लेभलका प्रतियोगिताहरु खेले पनि राम्रोसँग प्रशिक्षण गर्न पाएनन् । त्यही बेला यू-१९ प्रतियोगिताहरु पनि भएनन् । भन्छन्, 'सिनयर टिममा पर्न यू-१९ नै हेर्ने हो । त्यो नहुँदा पनि पछि परेँ जस्तो लाग्छ ।'

११-१२ को परिक्षा दिएपछि प्रशिक्षणहरु समय दिए । फ्रेन्चाइज लिगहरुमा प्रयास गरे । पोखरा प्रिमियर लिगको दोस्रो संस्करणमा उनी इमर्जिङ प्लेअर घोषित भएका थिए । गत वर्ष मेयर्स कपमा काठमाडौं मेयर टिमबाट खेलेका उनको प्रदर्शन ठिकठाक रह्यो । पछिल्लो संस्करणको एभरेष्ट प्रिमियर लिगमा विराटनगर वारियर्स टिममा थिए । तर धेरै खेल्ने अवसर पाएनन् । उनले चितवन टाइगर्स विरुद्ध खेल्दै ३ ओभरमा १९ रन खर्चेर १ विकेट लिएका थिए ।


अब तयार छु

अब भने अनिल क्रिकेटका लागि तयार भएका छन् । प्रधानमन्त्री कपमा गरेको प्रदर्शनले पनि त्यही संकेत गर्छ ।

'यू-१९ राष्ट्रिय प्रतियोगिताहरु नभएपछि सिधै सिनियर टिममा पर्न गाह्रो छ । हाम्रो प्रदेशमा अली प्रतिस्पर्धा पनि छ, त्यसले सिनियरमा आउन समय लाग्यो,' अनिल भन्छन्, 'यस (प्रधानमन्त्री कप)लाई पुनरागमन रुपमा पनि लिन सकिन्छ ।' प्रधानमन्त्री कपमा राम्रै प्रदर्शन गरेका उनलाई आश छ, राष्ट्रिय टोलीको ढोका खुल्नसक्छ । टी-२० ग्लोबल क्वालिफायरका लागि राष्ट्रिय टोलीको बन्द प्रशिक्षणमा बोलाउन सक्छ भन्ने लागेको छ । भन्छन्, ब्याट्सम्यान हावी भइरहेका बेला स्पीनरमा सर्वाधिक विकेट लिएकाले क्याम्पमा पर्नुसक्छु जस्तो लाग्छ । परेँ भने अझ मिहिनेत गर्छु ।' राष्ट्रिय टोलीका मुख्य प्रशिक्षक पुबुदु दासानायकेले ३० खेलाडी छनोट गर्दै बन्द प्रशिक्षण सुरु गरिसकेका छन् । तर प्रधानमन्त्री कपमा राम्रो प्रदर्शन गर्ने नयाँ खेलाडीहरुलाई पनि समावेश गर्ने बताएकाले अनिल आशावादी हुनु स्वभाविक हो । बुटवलकै मणिमुकुन्दमा ब्याचलर दोस्रो वर्ष व्यवस्थापन संकायमा अध्ययनरत अनिल भन्छन्, 'अहिले धेरै कुरा सिकेको छु । अब चाँही खेल्ने रेडी नै भा'छु ।'

# गणेश घिमिरे : बहुआयामिक व्यक्तित्व






दिनेश भुसाल

यादव घिमिरेको सम्पादन र संयोजनमा 'गणेश घिमिरे स्मृतिग्रन्थ' पुस्तक हालै सार्वजनिक भएको छ । ग्रामीण क्षेत्रमा रही सामाजिक सेवामा समर्पित एक योद्धाप्रति सम्मान व्यक्त गर्दै उनको व्यक्तित्व र कृतित्वलाई अभिलेखीकरण गरी उनको संस्मरणलाई चिरकालपर्यन्त जीवन्त राख्नु अनि भावी पिंढीलाई समाजसेवामा लाग्न उत्प्रेरणा प्रदान गर्ने अभिप्रायले प्रकाशित स्मृतिग्रन्थमा संकलित लेख तथा रचनाहरूलाई तीन खण्डमा विभक्त गरी प्रकाशन गरिएको छ ।

स्मृतिग्रन्थको पहिलो खण्डमा गणेश घिमिरेको जन्म र कर्मसँग सम्बन्धित विविध आयाम सहित उनको संक्षिप्त जीवनी प्रकाशित गरिएको छ । यस खण्डमा घिमिरे परिवारको इतिहास, वंशावली र कुल परम्परा माथि विशद् विवेचना गरिनुका साथै स्व.गणेश घिमिरेलाई घिमिरे कुलका एक जाज्वल्यमान नक्षत्रका रूपमा चित्रित गरिएको छ ।

१९९८ साल जेठ २ गते गुल्मी जिल्ला, धुर्कोट गाउँपालिका अजमिरमा पिता छन्तलाल घिमिरे र माता जयन्ता घिमिरेको तेस्रो सन्तानको रूपमा जन्म लिएका गणेश घिमिरे २०२४ सालमा वनारस विश्वविद्यालयवाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गर्छन् । ग्रामीण परिवेशमा जन्मी-हुर्केर तत्कालीन समयमा पनि उच्च शिक्षा हासिल गर्नु आफैंमा प्रेरणादायी कर्म थियो ।

२०२४ सालदेखि करीब एक दशकसम्म शिक्षण सेवामा संलग्न हुँदै तत्कालीन सामाजिक आवश्यकता अनुसार सामाजिक कार्यहरूमा संलग्नता बढाउनुका साथै वामपन्थी राजनीतिका माध्यमबाट पञ्चायत विरोधी आन्दोलनमा सहभागिता जनाएका गणेश घिमिरे २०४८ पछि भने वामपन्थी आन्दोलन परित्याग गरी नेपाली कांग्रेसमा समाहित हुन पुग्छन् । पुस्तकले उनको यो वैचारिक विचलनको प्रष्ट सैद्धान्तिक आधार प्रस्तुत गर्न नसक्दा उनको राजनैतिक व्यक्तित्व भने त्यति सफल र लोभलाग्दो देखिंदैन ।

२०३३ सालमा गुल्मीबाट बसाइँसराइ गरी नवलपरासी जिल्लाको प्रगतिनगर झरेका घिमिरेले सामाजिक क्षेत्रमा पुऱ्याएको योगदानका कारण उनको अनुकरणीय सामाजिक व्यक्तित्व भने सबैका लागि प्रेरणादायी र सधैंका लागि सम्झनलायक हुन पुग्दछ ।

कतिपय सामाजिक अगुवाहरूले आफूलाई एउटा खास विषयमा समर्पित गर्छन् र सोही कामबाट आफूलाई स्थापित गर्दै अमर कथा लेखाउन सफल हुन्छन् । कतिपय सामाजिक व्यक्तित्व भने तत्कालीन सामाजिक आवश्यकता अनुसार जुनसुकै क्षेत्रमा हात हाल्छन् । गणेश घिमिरे समाजका बहुआयामसँग खेल्न र जुध्न मन पराउँछन् । उनी विकृत राजनीतिक व्यवस्था अन्त्यको अपरिहार्यता देख्छन् र भूमिगत राजनीतिमा जोडिन्छन् । सामाजिक, राजनीतिक पछौटेपन अन्त्य गर्न जनपक्षीय उम्मेदवार भई आफैंले उपप्रधानपञ्चको जिम्मेवारी लिन पुग्छन् ।

शिक्षा समाज रूपान्तरणको सर्वोपरि तत्व रहेको तथ्यलाई आत्मसात् गर्दै विद्यालय स्थापना र सञ्चालनको जिम्मेवारी उठाउन तम्सिन्छन् । आर्थिक समृद्धिका लागि सहकारिताको अहं भूमिका रहेको तथ्यलाई अरूले भन्दा छिटो बुझ्छन् र सहकारी संस्थाको स्थापना गर्दछन् । दिगो विकास र पर्यावरणीय सन्तुलनलाई आत्मसात् गर्दै सामुदायिक वन विकासमा आफैं नेतृत्वदायी भूमिका निर्वाह गर्दछन् ।

सामुदायिक व्यवस्थापनमा स्वच्छ खानेपानी वितरण गर्न सकिन्छ भनेर देखाउने संभवत: नेपालकै अत्यन्तै थोरै रोल मोडलहरूका पनि उनी रोलमोडल नै हुन् । सडक, सिंचाइ, शिक्षा, स्वास्थ्य, पुस्तकालय, देवालय, सहकारी, वन, विपद् व्यवस्थापन र टोल विकास जुनसुकै क्षेत्रमा पनि उत्तिकै प्रभावकारी र परिणाममुखी नेतृत्व दिनसक्ने उनको क्षमतालाई पुस्तकको जीवनी खण्डले राम्रैसँग उठान गरेको देखिन्छ ।

कुल ४३६ पृष्ठ रहेको पुस्तकको दोस्रो खण्डमा ७४ वटा संस्मरणात्मक लेख समेटिएका छन् । लेखहरूमा उनका सहकर्मी र निकटस्थ व्यक्तिहरूका मनोभावनाहरू प्रतिविम्बित छन् । प्राय: सबै लेखकहरूद्वारा गणेश घिमिरेको सामाजिक योगदानको खुलेर प्रशंसा गर्नुका साथै उनको सरल र स्वाभिमानी जीवन, कठोर अनुशासन, सहयोगात्मक व्यवहार, शान्त स्वभाव र नैतिक चरित्रवान आदर्श व्यक्तित्व र त्यसले आफूमा पारेको प्रभावका बारेमा आफ्नै शैलीमा अनुभूतिजन्य संस्मरणात्मक कथा कोरिएका छन् ।

अन्तिम तेस्रो खण्डमा, शोक पुस्तिका, श्रद्धाञ्जली फोटोफ्रेम, विभिन्न समयमा उहाँले प्राप्त गर्नुभएको सम्मान वा प्रशंसा पत्रहरू, स्वहस्ताक्षरित निर्णय पुस्तिका तथा डायरीका पानाहरूका छायाँ प्रतिहरूलाई समेट्दै वंशावली तथा पारिवारिक वृक्षका अतिरिक्त फोटो ग्यालरीलाई पनि स्थान दिइएको छ ।

एउटै पात्र माथि दर्जनौं व्यक्तिको दृष्टिकोण अभिव्यक्त हुँदा कतिपय सन्दर्भहरू दोहोरिने र पुस्तक अध्ययनको मिठासमा ह्रास आउनु स्वाभाविकै देखिन्छ । संस्मरणात्मक लेखहरूमा पात्रको सकारात्मक पक्षको प्रबलता अपेक्षित नै रहन्छ र प्रस्तुत स्मृतिग्रन्थ पनि यो दोषबाट मुक्त भने छैन ।


किशोरावस्थादेखि जीवनको उत्तरार्द्धसम्म नै सामाजिक राजनीतिक क्षेत्रमा निरन्तर क्रियाशील आदरणीय व्यक्तित्व गणेश घिमिरेका सामाजिक योगदानहरूलाई केन्द्रित

गरी प्रकाशित यस पुस्तकले ऐतिहासिक व्यक्तित्वका ओजस्वी योगदानहरूलाई चिरकालपर्यन्त अविस्मरणीय बनाउनुका साथै पाठकहरूलाई सामाजिक क्षेत्रमा आकर्षित हुन उत्प्रेरित गर्ने नै छ ।

घिमिरे वंशावली र कुल परम्पराका शोधकर्ता, गुल्मी र नवलपुरका भूगोल र सामाजिक, सांस्कृतिक अध्येता अनि समाजसेवामा लाग्न चाहने जोसुकैका लागि यो पुस्तक एउटा पठनीय सामग्री बनेको देखिन्छ ।

(समीक्षक: देवचुली नगरपालिका वडा नं. १२ का वडाध्यक्ष हुनुहुन्छ ।)

\- अनलाइनखबर




## विद्यार्थीलाई सिकाइसँग जोड्न अभिभावक समेटेर टोल शिक्षा समिति

अछाम । कोभिड-१९ का कारण भौतिक रुपमा विद्यालय बन्द भएपछि केही स्थानीय तह अथवा विद्यालयले विभिन्न उपायमार्फत् विद्यार्थीलाई पढाइसँग जोडिरहेका छन् । त्यसमध्ये अछामको साँफेबगर नगरपालिकाको प्रभा धम्कोट प्राविधिक तथा व्यावसायिक माविले एउटा गज्जबको उपाय अपनाई टोल कक्षा सञ्चालन गरिरहेको छ । अनलाइनमा विद्यार्थीको पहुँच नभएपछि विद्यालयले टोल शिक्षा सञ्चालन गरिरहेको प्रधानाध्यापक जोगराज कुँवर बताउँछन् ।

टोल शिक्षा सञ्चालनको लागि विद्यालयले अभिभावकहरूलाई समेटेर पाँच सदस्यीय टोल शिक्षा समिति गठन गरेको छ । शिक्षा समिति शिक्षाको महत्त्व बुझेका मध्येका एक अभिभावकलाई टोल शिक्षा संयोजक तोकेको छ । विद्यालयले समितिलाई टोलमा शैक्षिक वातावरण बनाउने जिम्मेवारी दिइएको हुन्छ । ७३२ जना विद्यार्थी रहेको विद्यालयले ११ वटा टोल कक्षा बनाएको छ । एक टोल शिक्षा एक समिति गठन गरेको छ ।

टोल शिक्षा सञ्चालन गर्दा 'पटकानी'(टोलका मानिसहरू भेला भएर चिया खाने, गफ गर्ने सार्वजनिक स्थान) ले पढ्ने वातावरण बिगार्ने देखिएकोले टोल शिक्षा समिति गठन गर्नुपर्ने अवस्था आएको प्रधानाध्यापक कुँवर बताउँछन् । उनले भने 'पटकानीहरूमा तास खेल्ने, मदिरा पिउने स्थान हुन थालेपछि यसले समाजमा र पढ्ने बालबालिकामा नकारात्मक असर पर्ने भएकोले त्यस्ता कार्य हुन नदिन र बालबालिकालाई त्यस्ता स्थानहरूमा जान नदिनको लागि समिति बनाएका हौं ।' त्यसै अनुसार टोल शिक्षा समितिले संयोजकको नेतृत्वमा सार्वजनिक स्थल व्यवस्थापन गर्न मुख्य भूमिका हुने कुँवरले बताए ।

त्यो बाहेक बालबालिका गृहकार्य नगरी डुलेर हिँडेको छ, टोल कक्षामा सहभागी भएको छैन भने त्यस्ता विद्यार्थीलाई सम्झाउने, उनीहरूको अभिभावकलाई सम्झाउने समितिको जिम्मेवारीभित्र बाँकी ६ पृष्ठमा

# नेपालमा कियाको पहिलो हाइब्रिड एसयुभी सार्वजनिक

काठमाडौं । आफ्नै ब्रान्डको पहिलो हाइब्रिड किया सोरेन्टो एसयुभीसँगै कियाले नेपालमा हाइब्रिड गाडीहरूका लागिआफ्नो रणनीतिमा ठूलो कदम अगाडि बढाएको छ । कोरियाली अटो दिग्गजकियाले आफ्नो किया सोरेन्टो हाइब्रिड मार्फत ७-सिट क्षमताको अवधारणालाई धेरै आकर्षक बनाउने तरिका खोज्न सफल भएको छ ।


१.६ लिटरको टिजिडिआई टर्बो पेट्रोल इन्जिन र ४४.२ किलोवाट इलेक्ट्रो म्याग्नेटिक मोटरले १.४९ किलोवाट आवर ब्याट्रीद्वारा सञ्चालित सोरेन्टो कुनै पनि भूभागमा पुग्न सक्ने ठूलो एसयुभी मात्र होइन, हाम्रो सफा र हरियाली भविष्यको लागि हरित विकल्प पनि हो ।

७ वटा एयरब्याग, लेनकिपिङ सिस्टम, इलेक्ट्रोनिक स्ट्याबिलिटी कन्ट्रोल, ट्र्याक्सन कन्ट्रोल सिस्टम, स्मार्ट क्रुज कन्ट्रोल, लेन किपिङ सिस्टम, सराउन्ड भ्यू मोनिटर, लेन फलोइङ असिस्ट र अन्य धेरै सुरक्षा सुविधाहरू सहित यसले चारैवटा ह्विललाई जमिनमा राख्न सुनिश्चित गर्छ । भनि कियाको आधिकारिक बिक्रेता कन्टिनेन्तल इन्टरनेशनलले जानकारी दिएको छ ।

किया सोरेन्टोले बाह्य र भित्री सुविधाहरूको कमान्डिङ लाइनहरू पनि प्रदान गर्दछ । यसको अगाडिको छेउमा फराकिलो स्विपिङ ग्रिल रहेको छ, जुन मानकको रूपमा आउने एलइडी बत्तीहरूसँग निर्बाध रूपमा एकीकृत हुन्छ ।

१२.३ इन्चको अल-डिजिटल इन्स्ट्रुमेन्ट क्लस्टरले किया सोरेन्टोमा स्क्रिनलाई धेरै उन्नत बनाउँछ । ब्लाइन्ड भ्यू मनिटर टेक्नोलोजीले उपकरण क्लस्टरमा छेउछाउको लेनको लाइभ भिडियो दृश्य प्रोजेक्ट गर्दछ र टर्न सिग्नलहरू प्रयोग गर्दा सक्रिय हुन्छ । नाप्पा लेदरसँग फस्टाएको इन्टेरियरले यसलाई यसको सेग्मेन्टको प्रिमियम इन्टेरियरमध्ये एक बनाउँछ । मुड ल्याम्प, हेड अप डिस्प्ले, भेन्टिलेटेड इलेक्ट्रिक सिटहरू सोरेन्टोलाई विलासी एसयुभी मध्ये एक बनाउने केहीविशेषताहरू हुन् ।

सोरेन्टो हाइब्रिड को मूल्य १ करोड ६९ लाख ९० हजार तोकिएको छ । नेपालीबजारमा रनवे रेड, ग्रेभिटी ब्लु, स्नो ह्वाइट पर्ल, अरोरा ब्ल्याकपर्ल र स्टिल ग्रे गरी पाँच फरक कलर भेरियन्टमा यो गाडी उपलब्ध रहेको माघ ९ गते जारी गरेको बिज्ञप्तिमा उल्लेख छ ।




# ई-क्याब : सुरक्षित र सजिलो यात्रु सेवा दिने दावी

यात्रुहरुको सुरक्षा र आवश्यकतालाई ध्यानमा राखी सहज र सुफत मूल्यमा ट्याक्सी सेवा सञ्चालन गर्न ई(क्याबले सेवा शुभारम्भ गरेको छ । गैर आवासीय नेपाली संघका संस्थापक अध्यक्ष उपेन्द्र महतो शुक्रबार यो सेवाको एक कार्यक्रम बीच शुभारम्भ गरे ।

यो सेवा नेपालकै पहिलो क्युआर कोडसहितको एप हो भने सेवाग्राहीले डिजिटल भुक्तानी वा सोझै नगद भुक्तानी गर्न सकिने गरी ब्यवस्था गरिएको छ । युरोप तथा अमेरिका लगाएत विभिन्न देशहरुमा सञ्चालन गरिएको डिजिटल प्रविधिबाट सञ्चालन हुँदै आएको यो सेवा बेलायतमा बसोबास गर्दै आएका नेपाली गैर आवासीय युवा समुहको अग्रसरतामा सञ्चालनमा आएको छ ।

पासवर्डसहितको यो एप प्रयोगका लागि २ तहको अधिकारिक प्रयोग विधि निर्धारण गरिएको छ , जुन सहज र सुरक्षित छ ।

सुरक्षाका लागि यात्रा सुरु गर्नु अगाडि राइड भेरिफिकेसन कोड निश्चित गर्नु पर्ने हुन्छ । नयाँ प्रविधि जडित यो सेवामा यात्राको क्रममा प्रयोगकर्ता कहाँ र कुन बाटोमा यात्रा गर्दै छ भन्ने साथी र परिवारले एमएमएस वा इमेलबाट तत्काल जानकारी प्राप्त गर्न सकिने छ ।

नयाँ ट्याक्सी सेवाले आफ्नो इच्छाअनुसार भडा दरको सेवा लिन सकिने भएका कारण ठगिनबाट जोगिने र सामान छुट्ने हराउने या दुर्घटना भएको अवस्थामा समेत सुरक्षित भएको ई( क्याब नेपालका अध्क्षय दिपक श्रेष्ठ बताउँछन् ।

‘हामी विदेशमा बसेतापनि उता हामीले सिकेका प्रविधि र कमाइलाई आफ्नै देशमा खर्च/लगानी गरि रोजगार सिर्जना गर्ने चाहना भएबमोजिम यो सेवालाई नाफामुखी भन्दा सेवामुखीको रुपमा लिएर आएका छौं,’ अध्यक्ष श्रेष्ठले भने ।






## सवारी साधनमा तत्काल युरो-६ मापदण्ड लागू नगर्न नाडाको माग

काठमाडौं । नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले पर्याप्त तयारी गरेर मात्रै सवारी तथा यातायातका साधनहरूमा सवारी प्रदुषण मापदण्ड युरो ६ लागू गर्न माग गरेको छ । पत्रकार सम्मेलन गर्दै नाडाले यूरो ६ लागू गर्न पूर्वाधारहरू नबनेकाले हतार नगर्न आग्रह गरेको हो । नाडाका उपाध्यक्ष राजनबाबु श्रेष्ठले यूरो ३ बाट हुँदै ६ लागू गर्नुपर्ने माग गरे । पर्याप्त पुर्वाधार र दक्ष




जनशक्ति पनि तयार भइनसकेकाले सरकारले हतार गर्दा सवारीमा लागत थप बढ्ने उनको भनाइ छ । ४० प्रतिशतसम्म मूल्य बढेर उपभोक्तालाई मार पर्ने गरी युरो ६ मा तत्कालै जान नहुने नाडाको भनाइ छ । विकसित मुलुकहरू पनि युरो ६ मापदण्ड नगएकाले चरणबद्ध रूपमा जान सुझाव दिइएको छ । जनशक्ति र प्रविधिको विकास गर्दै युरो ६मा जानुपर्ने पक्षमा नाडा देखिएको छ ।

## टाटा मोटर्सले दियो दशैंतिहार योजनाका ४३ विजेतालाई आकर्षक उपहार

टाटा मोटर्स नेपालको आधिकारी विक्रेता सिप्रदी ट्रेडिङ प्रालि र टाटा मोटर्सले गएको दशैं र तिहारलाई लक्षित गरी संयुक्तरुपमा सञ्चालन गरेको बम्फर अफरको बम्परको गोलाप्रथाबाट विजेता घोषणा गरेको छ । ‘आशा र उमंग बाँडौं, मनाउँ खुशियाली, यो दशैं र तिहारमा टाटा किन्दा जाँदैन हात खाली’ भन्दै सञ्चालित योजनाको सोमबार टाटा मोटर्स् ट्रक एण्ड बसेस् नेपालको आधिकारिक फेसबुक पेजमार्फत प्रत्यक्षरुपमा गोलाप्रथाबाट विजेता छनौट गरिएको कम्पनीले जानकारी दिएको छ ।




जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं ।
- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका,जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस